
का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० पुस २०७९,
आइतबार
25 December 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३०९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# ५ वर्षमा ३ प्रधानमन्त्री !

पाँच वर्षमा मुलुकले तीन प्रधानमन्त्री पाउने भएको छ । वर्तमान सत्तागठबन्धन निरन्तर कायम भएको खण्डमा शनिवार शीर्ष नेताहरुबीच भएको सहमति अनुसार शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड' र माधव कुमार नेपाल प्रधानमन्त्री बन्नेछन् ।



आइतबारसम्म धैर्य गर्नुस् यसमा हलो अड्किन्न, प्रधानमन्त्री को पहिले हुने भन्ने कुरा गौण हो, मुलुकलाई अहिलेको जनताको आकांक्षा अनुसार कसरी अगाडि बढाउने कुरा महत्वपूर्ण हो, गठबन्धनकै नेतृत्वमा सरकार निर्माण हुन्छ ।

**ज्ञानेन्द्रबहादुर कार्की**
केन्द्रीय सदस्य, कांग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ पुस ।

अनेक आशंकाबीच सत्ता गठबन्धनले प्रधानमन्त्रीमा आलोपालो गर्ने गरी सहमति जुटाएको छ। शनिवार प्रधानमन्त्री निवास वालुवाटारमा भएको सत्ता गठबन्धनका शीर्ष नेताहरुको बैठकको सहमति अनुसार पाँच वर्षमा मुलुकले तीन प्रधानमन्त्री पाउनेछ । वर्तमान सत्तागठबन्धन निरन्तर कायम भएको खण्डमा शनिवार शीर्ष नेताहरुबीच भएको सहमति अनुसार शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड' र माधव कुमार नेपाल प्रधानमन्त्री बन्ने भएका हुन् ।

नेताहरुका अनुसार पहिलो पटक प्रधानमन्त्री को बन्ने भन्ने विषयमा गठबन्धनमा रहेका दलहरुले आन्तरिक छलफल गर्नेछन्। आन्तरिक छलफलपछि आइतबार पहिला को प्रधानमन्त्री बन्ने भनेर टुंगो लाग्नेछ ।

साथसाथै, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, प्रदेशका मुख्यमन्त्रीहरु, प्रदेश प्रमुख र उपप्रमुख, प्रदेश सभामुख र उपसभामुख लगायतमा शक्ति बाँडफाँडको विषयमा पनि टुंगो लगाएर अगाडि बढ्ने नेताहरुबीच सहमति छ ।

संघीय सरकार गठनका लागि राष्ट्रपति विद्यादेवी भण्डारीले दिएको समयसीमा आइतबार सकिँदैछ। राष्ट्रपति भण्डारीले संविधानको धारा ७६(२) अनुसार दुई वा दुईभन्दा बढी दल मिलेर सरकार गठनका लागि दावी पेश गर्न राष्ट्रपतिले दिएको ७ दिनको समयसीमा आइतबार अपरान्ह ५ बजे सकिनेछ ।

संविधानको धारा ७६ मा सरकार गठन सम्बन्धी व्यवस्था छ। ७६(१) मा एकल बहुमतको सरकार बन्ने व्यवस्था छ । गत ४ मंसिरमा सम्पन्न आम चुनावबाट कुनै पनि दलले एकल बहुमत ल्याउन सकेनन्। कुनै पनि दलले एकल बहुमत नल्याएपछि राष्ट्रपतिले दुई वा दुई भन्दा बढी दलको सरकार गठनका लागि आह्वान गरेकी हुन् ।

सत्ता गठबन्धनमा आवद्ध दलका नेताहरुले राष्ट्रपतिले आह्वान गरे अनुसार नै सरकार बनाउने बताएका छन्। कांग्रेस केन्द्रीय सदस्य ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार आइतबार सबै टुंगो लाग्नेछ । 'आइतबारसम्म धैर्य गर्नुस् यसमा हलो अड्किन्न, प्रधानमन्त्री को पहिले हुने भन्ने कुरा गौण कुरा हो, मुलुकलाई अहिलेको जनताको आकांक्षा अनुसार कसरी अगाडि बढाउने कुरा महत्वपूर्ण कुरा हो, गठबन्धनकै नेतृत्वमा सरकार निर्माण हुन्छ ।' कार्कीले बैठकपछि पत्रकारहरुसँग भने ।

गठबन्धनमा आवद्ध दल नेपाली कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीका शीर्ष नेताहरुबीच शक्ति बाँडफाँटबारे खुलेर कुराकानी भएको बताइएको छ। प्रधानमन्त्रीका सन्दर्भमा भने दुई/दुई/एक वर्षको पालो गर्ने सहमति छ। कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्डले २/२ वर्ष सरकारको नेतृत्व गर्नेछन् । बाँकी एक वर्ष एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल प्रधानमन्त्री हुनेछन्।

## ओलीको अभिव्यक्ति

# 'देश मध्यावधिमा जान सक्छ'

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ९ पुस ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले सार्वजनिक रुपमै ४ मंसिरको चुनावी नतिजाको विरोध गर्दै आएका छन्। महासचिवसहितका एमाले नेताहरु चुनावी परिणामले मुलुकलाई निकास दिन नसक्ने बताइरहेका छन् । त्यसलाई बल पुग्ने गरी शनिवार एमाले अध्यक्ष केपी शर्मा ओलीले मुलुक मध्यावधिमै जान सक्ने दाबी गरेका हुन्। अहिलेको संसदबाट सरकार गठन नै नहुने अवस्था आएको उनको दाबी छ ।


महासचिवसहितका एमाले नेताहरु चुनावी परिणामले मुलुकलाई निकास दिन नसक्ने बताइरहेका छन् । त्यसलाई बल पुग्ने गरी शनिवार एमाले अध्यक्ष केपी शर्मा ओलीले मुलुक मध्यावधिमै जान सक्ने दाबी गरेका हुन् ।

आइतबार पार्टी कार्यालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, '...समयमा कदम चालेनन् भने, समयमा आफूआफूलाई हेरे भने, देश फेरि घुमिफिरी मध्यावधिमा जाने सम्भावना छ । जाँदैन भन्न सकिँदैन ।' सरकार गठन नै हुन नसक्नु स्वार्थको टकराव भएको उनको भनाइ छ ।

ओली तिनै नेता हुन - जसले दुई दुई पटक मुलुकलाई मध्यावधि चुनावमा लैजाने प्रयास गरेका थिए । आफू दुई तिहाइ प्रधानमन्त्री रहँदा रहँदै आफ्नै पार्टीको आन्तरिक विवाद मिलाउन नसकेर दुई पटकसम्म प्रतिनिधिसभा विघटन गरेका थिए । एउटै पार्टी भित्रको विवादलाई लिएर प्रतिनिधिसभा विघटनको प्रयास गरेका ओलीले गठबन्धनको सरकार बन्दा गठबन्धनभित्र किचलो हुने दाबी गर्दै आएका छन् । यही पृष्ठभूमिमा उनले मुलुक फेरि मध्यावधिमा जान सक्ने बताएका हुन ।

उसो छ, एमाले महासचिव पोखरेल निरन्तर चुनावी परिणामप्रति असन्तुष्टि जनाइरहेका छन् । गत पुष ४ गते नेपाल नगरपालिका संघले गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले शहरिया मध्यम वर्ग अस्थिरताको

– बाँकी पृष्ठ २ मा



...समयमा कदम चालेनन् भने, समयमा आफूआफूलाई हेरे भने, देश फेरि घुमिफिरी मध्यावधिमा जाने सम्भावना छ । जाँदैन भन्न सकिँदैन ।

**केपी ओली**
अध्यक्ष, नेकपा एमाले

## वैदेशिक रोजगार विशेष

# विदेश जानभन्दा राहदानी बनाउन सास्ती

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ पुस

राहदानीको अभावमा बेरोजगार युवायुवती लाखौंको लगानी र लामो समयको प्रयासपछि विदेशमा पाउन थालेको रोजगारी गुमाउने अवस्थामा पुगेका छन्। सेवाग्राहीको चापअनुसार जनशक्तिको व्यवस्थापन गर्न नसकेको राहदानी विभाग केही समययता अस्तव्यस्त देखिएको छ ।

सरकारले गत पुस एक गतेदेखि यसअघिको मेशीन रिडेबल पासपोर्ट (एमआरपी) विस्थापित गरेर विद्युतीय राहदानी (ई-पासपोर्ट) कार्यान्वयनमा ल्याएको छ। विभागले शुरुका १० दिन परीक्षणको रुपमा हेरेर त्यसपछि प्राविधिक पक्षहरुमा सुधार गरेर नयाँ बनाउने वा पुरानो राहदानीको समयावधि सकिएका सबैलाई द्रुत गतिमा ई-पासपोर्ट सहजरुपमा दिने बताएको थियो । तर चाहेको समयमा राहदानी लिनुपर्ने बाध्यतामा रहेका युवायुवती पुसको जाडोमा भोकभोकै लाइनमा बस्न बाध्य भएका छन्।

यसअघि बिहान ११ बजेदेखि बुकिङ शुरु हुने गरेको भए पनि विभागले गत पुस ५ गतेदेखि दिउँसो साढे ३ बजेदेखि अनलाइन आवेदनका लागि बुकिङ शुरु गरेको छ । विभागले सेवाग्राहीलाई सहज बनाउन समय परिवर्तन गरेको बताएको छ । तर विभागले अनलाइनबाट दिने सेवा चुस्त नहुँदा झनै सास्ती व्यहोर्नुपरेको सेवाग्राहीको गुनासो छ।

विभागले अनलाइन आवेदन खुलाउँदा नजिकै कार्यालय खोलेकाहरुले कोटा कब्जा गरेर वास्तविक सेवाग्राहीलाई समस्यामा पारिरहेको राहदानीका लागि आएका बागलुङ राङखानीका ईन्द्र पुनको भनाइ छ ।

नेपालको वैदेशिक रोजगार प्रशासन अत्यन्तै ढिलो र सुस्त रहेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एक नारायण अर्यालले नै बंगलादेशले एक महिनामा कामदार विदेश पठाउँदा त्यही काम नेपालले छ महिना लगाउने गरेको सार्वजनिकरुपमा गुनासो गर्ने गरेका छन् । वैदेशिक रोजगारका लागि आकांक्षी

– बाँकी पृष्ठ २ मा

JOB VACANCY
We are hiring a following candidates to support our recruiting and sourcing team to place qualified candidates faster.
Security Guard : 1 (Male)
Must be Ex-army, Police age 40 above
Salary: Negotiable
PRO : 2 (Male/Female)
Salary: Negotiable
International Marketing : 2 (Male)
Salary: Rs. 1,00,000+, Business Commission
Min. 5 years experience in related field.
Please send your CV: destinyhrgroup2079@gmail.com
DESTINY HR GROUP PVT. LTD.
Pingalasthan, Gaushala-09, Kathmandu
Tel.: 01-5913085, 01-5914085, 9851164801
www.destinyhrgroup.com.np

Free Visa ! Free Ticket !! in Qatar
(फ्रि भिसा फ्रि टिकट सहित कतारमा रोजगार)
مجموعة سهيل الصناعية القابضة
SUHAIL INDUSTRIAL HOLDING GROUP
पूर्व स्वीकृती मिति: २०७९/०८/१९ | चलानी नं. ६०१९२७४८ | LT No. : 277231
Pre-approval Date: 2022/12/05 | Dispatch No.: 60192748 | LT. 277231

| S.N. क्र.स. | Category कामदारको पद | QTY. माग संख्या पुरुष Male | महिला Female | Qualification योग्यता | Salary मासिक तलब QR | NRS. | Working Hrs./Day प्रतिदिन काम गर्ने घण्टा | Working days /week हप्तामा काम गर्ने दिन | Yearly Holidays/Over Time Facility वार्षिक बिदा/ओभर टाईम सुविधा | Food खाना सुविधा | Accomodation बस्ने सुविधा | Contract Period करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | Labour लेबर | 55 ५५ | 00 00 | Experienced in the related field. सम्बन्धित काममा दक्ष | 1000 १००० | 36,384/- ३६,३८४/- | 8 hours a day ८ घण्टा | 6 days a week ६ दिन | as per company rule क. नि. अनुसार | Provided by company रोजगारदाता कम्पनीले निःशुल्क | | 2 Years २ वर्ष |

यसै कम्पनीका लागि Qatar License भएका Forklift Operator, Finsishing Carpenter, Spray Painter (Epoxy Paints etc), Building Painter, सामान्य अंग्रेजी बोल्न र बुझ्न सक्नेहरुले निशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| Pre-Medical Expenses In Nepal (स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Medical Expenses In Qatar (बिदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Nepal (स्वदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Qatar (रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने) | Ticket Expenses (हवाई टिकट कसले दिने र कति लाग्ने) | Visa Expenses (भिषा शुल्क कसले दिने र कति लाग्ने) | Welfare Fund (कल्याणकारी कोष) | Orientation Charge (अभिमुखीकरण शुल्क) | Recruitment Agency Service Charge (सेवा शुल्क) |
|---|---|---|---|---|---|---|---|---|
| By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (हुने, रोजगारदाता कम्पनीले) | Provided By The Company Free of Cost (निःशूल्क रोजगारदाता कम्पनीले) | | Npr. 1500 By Company (ने.रु. १५००/- रोजगारदाता कम्पनीले) | Npr. 700 By Company (ने.रु. ७००/- रोजगारदाता कम्पनीले) | Provide By The Company (रोजगारदाता कम्पनीले दिने) |

Interview will be held on 1 Jan, 2023 by Company Representative in Own Office Basundhara, Kathmandu. अन्तरवार्ता २०७९ पुष १७ गते यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

Information by Department of foreign employment: 1. Take note of the number and address of embassy in which conutry you are heading for so that they help you if incase you get problems and difficulties. 2. As mentioned in this advertisement (information) there is no cost other than pre-medical, so please do not pay anyone. 3. Please take orientation class compulsory before the departure. 4. Please do the sing on the agreement paper after reding carefully about the company, it's address facilities, salary and others terms and condition. And keep safe one copy yourselves. 5. Please use Kathmandu international airport only while departure, otherwise you may cheated. 6. If you want do know more about this advertisement then you can please contact nepal labour & employment department in Buddhanagar, New Baneshwor.

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
ISO 9001:2015 certified
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com | info@aarohiirsolutions.com
01-4961807, 4962925 | 9802067941, 9820200080

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

# पत्रकार महासंघद्वारा १५ बुँदे सुर्खेत घोषणापत्र जारी




**युवराज पंगाली / मध्यान्ह**
सुर्खेत, ९ पुस

सुर्खेत घोषणपत्र जारी गर्दै नेपाल पत्रकार महासंघको साधारणसभा सम्पन्न भएको छ । शुक्रबार र शनिबार सुर्खेतको वीरेन्द्रनगरमा भएको साधारण सभा १५ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको हो । साधारण सभाले पत्रकारहरुलाई सचेततापूर्वक 'डिजिटल' माध्यमको प्रयोग गर्नुका साथै सो माध्यममार्फत प्रेस स्वतन्त्रता हनन्का घटनामाथि कानूनी कारबाहीका लागि समेत घोषणा मार्फत जोडदार माग गरेको छ । साधारण सभा संविधान अनुसारका सञ्चार कानूनहरू तत्काल निर्माण गर्न र पूराना कानूनहरूमा सुधार ल्याउन सम्बद्ध पक्षसँग जोडदार माग गरिएको छ । श्रमजीवी पत्रकार ऐन तथा नियमावलीमा तोकिएका सेवा सुविधाहरू पूर्ण कार्यान्वयन तथा समसामयिक परिमार्जनसहित श्रम समस्या समाधानका लागि नेपाल सरकार र सम्बद्ध पक्षसँग माग गर्दै महासंघलाई ट्रेड यूनियन संस्थाका रुपमा सामूहिक सौदावाजीमार्फत श्रम अधिकार स्थापित गर्न निर्देश गरिएको छ ।

साधारण सभाको घोषणामार्फत नै साना लगानीमा सञ्चालित स्वरोजगारमूलक तथा विभिन्न मातृभाषाका सञ्चार माध्यमको दीगो र भरपर्दो ढंगले सञ्चालन गर्नका लागि हाल सरकारले प्रदान गर्दै आएको लोककल्याणकारी विज्ञापन वृद्धि गर्न सरकारसँग माग गर्दै समानुपातिक विज्ञापन प्रणाली तत्काल लागू गर्न माग गरिएको छ ।

साथै, छापा प्रकाशनलाई डिजिटल माध्यममा रुपान्तरण गर्न चाहेमा निरन्तरतासहितको मान्यता प्रदान गर्न सरकारसँग माग गरिएको छ । श्रमजीजी पत्रकारको निःशुल्क उपचार, दुर्घटना र स्वास्थ्य बीमाका सम्बन्धमा विगतमा नेपाल सरकारले गरेका निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि यो साधारणसभा सरकारसँग जोडदार माग गरिएको छ । नेपाल पत्रकार महासंघका सदस्यको शुद्धीकरणलाई थप प्रभावकारी बनाउन अद्यावधिक गर्न निर्देश गरिएको छ । मुलुकको बहुलता र विविधतालाई आत्मसात गर्दै सञ्चार प्रतिष्ठानहरूका विषयवस्तु र संरचनालाई लैंगिक, समावेशी र अपाङ्गतामैत्री एवं कार्यस्थललाई सुरक्षित बनाउन सबै सञ्चार प्रतिष्ठानहरुलाई आह्वान गरिएको छ ।

छापा, रेडियो, टेलिभिजनजस्ता सञ्चारमाध्यममा आएका चुनौती र नयाँ सञ्चारमाध्यमले ल्याएको अवसरलाई आत्मसात गर्ने गरी सञ्चारकर्मीका लागि पेशागत दक्षता र क्षमता अभिवृद्धि तथा वृत्ति-विकासका लागि सञ्चालन गर्दै आएका कार्यक्रमहरूलाई अभियानकै रुपमा अघि बढाउन निर्देशन दिएको छ । प्रेस पासको सहज उपलब्धताका लागि आवश्यक वातावरण बनाउन सम्वद्ध सबै निकायलाई अपिल गरिएको छ । महासंघका विधानअनुरुप हरेक संरचनालाई स्वायत्त, क्रियाशील एवं सवल बनाउन प्रण गर्दै सञ्चारमाध्यमको दर्ता, नवीकरण, नियमन तथा सेवा सुविधाका सन्दर्भमा प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्डलगायत विभिन्न सरकारी निकायमा अनावश्यक र झन्झटिलो प्रक्रिया पूरा गर्नुपर्ने र अव्यवहारिक व्यवस्था तत्काल खारेज गर्न माग गरिएको छ । यसैगरी, पत्रकार आचारसंहिताको पूर्ण पालना गर्दै जिम्मेवार र मर्यादित पत्रकारिता गर्न आह्वान गर्दै सांस्कृतिक र पर्यटकीय रुपमा समृद्ध कर्णाली प्रदेशको पर्यटन, भाषा, कला र साहित्यको प्रचार एवं सम्वर्द्धनसँगै यस प्रदेशमा रहेका सबै पर्यटकीय क्षेत्रको प्रचार प्रसार, सम्वर्द्धन, संरक्षण र आवश्यक पूर्वाधार विकासका लागि सबै तहका सरकारलाई यो केन्द्रीय साधारण सभा आह्वान गरेको छ । नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभाको उद्घाटन समारोहमा प्रमुख अतिथिका रुपमा उपस्थित राष्ट्रपति विद्यादेवी भण्डारी, कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाही, विभिन्न राजनीतिक दलका नेताहरू, स्थानीय निकायका जनप्रतिनिधि, पत्रकारसम्वद्ध विभिन्न संघसंगठनका प्रमुख तथा प्रतिनिधिहरूका साथै देशभरका केन्द्रीय परिषद् सदस्यलाई साधारणसभामार्फत धन्यवाद ज्ञापन गरिएको छ । साधारणसभाले महासचिव, कोषाध्यक्ष र लेखा समिति संयोजकको प्रतिवेदन पारित गर्दै घोषणा जारी गरिएको महासचिव रोसन पुरीले जानकारी दिए ।

## चौपायबाट पीडित किसानले बुझाए नगरप्रमुखलाई ज्ञापन पत्र



**अजय मिश्र / मध्यान्ह**
कृष्णनगर, ९ पुस ।

कपिलवस्तुको कृष्णनगर नगरपालिका क्षेत्र भित्रमा विकराल समस्याको रुपमा रहेको छाडा पशुचौपाया व्यवस्थापनको माग गर्दै कृष्णनगरका स्थानीय किसानले नगर प्रमुख रजत प्रताप शाहलाई ज्ञापन बुझाएका छन् ।

नेपाल किसान संघर्ष समितिका कृष्णनगर अध्यक्ष साजिद अलि मुसलमानसहित स्थानीयको टोलीले शुक्रबार नगर प्रमुख शाहलाई कार्यकक्षमै भेटेर ज्ञापन पत्र बुझाएका हुन् । छाडापशु चौपायाले यस क्षेत्रमा दिनानुदिन सडक दुर्घटना, बजार सौन्दर्य बिग्रेको र सम्पूर्ण किसानहरुले लगाएको बालीनाली पूर्ण रुपमा नोक्सान गरी भोकमारीको समस्या भइरहेको नेपाल किसान संघर्ष समितिका कृष्णनगर अध्यक्ष साजिद अलि मुसलमानद्वारा हस्ताक्षतिर ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

छाडा पशुचौपाया समस्यालाई मध्यनजर गरी यसको दिर्घकालिन समाधानको लागि ज्ञापन पत्रद्वारा समितिले माग गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'छाडा चौपायाले हामी किसानले लगाएको अन्नबाली खाइदिनुका साथै बाटोघाटो हिँडडुलमा समेत दुर्घटना बढेको छ ।' लामो समयदेखि छाडा चौपायाको समस्या झेल्दै आएका किसानरुले छाडा चौपाया व्यवस्थापन गर्न नगर समक्ष जोडदार माग गरेका छन् । छाडा चौपाया नियन्त्रण गर्नुपर्ने दायित्व स्थानीय सरकारको भएकाले यसको व्यवस्थापनका लागि अनुरोधका साथै उचित व्यवस्थापन नगरे सशक्त आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

नेपाल किसान संघर्ष समितिका कृष्णनगर अध्यक्ष साजिद अलि मुसलमानद्वारा हस्ताक्षतिर ज्ञापन पत्र जिल्ला प्रशासन कार्यालय तौलिहवा, जिल्ला प्रहरी कार्यालय र कृष्णनगर नगरपालिकाका सम्पूर्ण वडालाई बोधार्थ बुझाइएको छ ।

## महेश्वर शर्माको 'संवेदनाको आकार'लोकार्पण



**रेशम अधिकारी / मध्यान्ह**
रुपन्देही, ९ पुस

युवा कवि महेश्वर शर्माद्वारा लिखित 'संवेदनाको आकार' नामक कृतिको लोकार्पण गरिएको छ ।

अनुराग साहित्य समाजको तेस्रो अधिवेशनको सन्दर्भमा आयोजित एक कार्यक्रममा वरिष्ठ साहित्यकार डा.नवराज लम्साल, वरिष्ठ गजलकार डा. घनश्याम परिश्रमी तथा आख्यानकार महेश पौड्यालले संयुक्त रुपमा उक्त कविता संग्रहको लोकार्पण गरेका हुन् ।

अनुराग साहित्य समाजको कृति लोकार्पण, स्रष्टा सम्मान तथा तेस्रो अधिवेशन लेखिएको ब्यानरमा आयोजित कार्यक्रममा आफ्ना रचना सुनाउँदै वरिष्ठ साहित्यकार लम्सालले आफुले लेखेको महाकाव्य 'अग्नि'को चर्चा गरेका थिए ।

कार्यक्रममा 'संवेदनाको आकार' नामक कृतिको बारेमा बोल्दै कवि महेश्वर शर्माले आफ्ना माता पिताको चरण स्पर्श गरेर कृतिभित्रका केही कविता वाचन गरे ।

कार्यक्रममा बोल्दै कथाकार एवं आख्यानकार महेश पौड्यालले लेखक शर्मालाई कृति विमोचनको शुभकामना व्यक्त गर्दै आगामी साहित्यिक यात्राको शुभकामना दिएका थिए । सो अवसरमा देशका विभिन्न स्थानबाट उपस्थित साहित्यकारहरुले आ-आफ्नो रचनाहरु वाचन गरेका थिए ।

पहिलो चरणको कृति विमोचन कार्यक्रम समाजका अध्यक्ष निर्मल ढुंगानाको अध्यक्षता, वरिष्ठ साहित्यकार डा.नवराज लम्सालको प्रमुख आतिथ्यता र संस्थाका सचिव श्याम न्यौपानेको सञ्चालनमा सम्पन्न भएको थियो ।

दोस्रो चरणको कार्यक्रम अर्थात् अनुराग साहित्य समाजको अधिवेशनका लागि अधिवेशन निर्वाचन समितिका संयोजक डासिराम पाण्डेले बन्न लागेको नयाँ समिति निर्विरोध भएको र यमलाल अर्यालको अध्यक्षतमा रहेको १२ सदस्य समिति सर्वसम्मत भएको घोषणा गरेका थिए । समितिको वरिष्ठ उपाध्यक्षमा सरस्वती बस्याल, उपाध्यक्ष श्याम न्यौपाने, सचिव शिव प्रसाद काफ्ले, सहसचीव राजकिरण अर्याल, कोषाध्यक्ष अनन्तराम भण्डारी, सदस्यमा जानुका लम्साल, भगवती शर्मा तिवारी, राहुल देव सापकोटा, रिता पराजुली, पुजा ढुंगाना र दिप मिलन रहेका छन् । कार्यक्रममा 'सेतो सुनखानी' का लेखक शम्भु अर्याल, 'हुटिट्याउको मन' का लेखक दीन पन्थी, 'एकलब्यको देब्रे हात'का लेखक गिरी श्रीस मगर र 'तमोरका सुसेली'का लेखक लक्ष्मी किशोर सुवेदीलाई सम्मान गरिएको थियो ।

## मौलापुर नगरमा अख्तियारको नजर



**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, ९ पुस

मौलापुर नगरपालिकामा एक व्यक्तिले गरेको नाला निर्माण तथा ढलानमा नगरपालिकाको बजेट निकासा गरेको तथ्य बाहिरिएको छ । आर्थिक वर्ष २०७८/७९ मा १५ लाख बराबरको बजेट निकासा भएको खुलेको छ । नगरपालिकाको वडा नम्बर १ मर्यादपुरमा मौलापुर नगरका उपमेयर नागेन्द्र राय यादव र स्थानीयहरू अवध राय यादव तथा बालाशंकर कुशवाहाले क्रमशः नाला निर्माण र सडक ढलान गराएका थिए ।

सो वडाका निवर्तमान वडा अध्यक्ष रामप्रवेश यादवले नाला निर्माण तथा सडक ढलानको बजेटबारे प्रष्ट रूपमा जानकारी नगराएसम्म काम गर्न नदिने भनि अवरूद्व गरेका थिए । त्यसपछि ईलाका प्रहरी कार्यालयमा छलफलमा बसी निवर्तमान वडा अध्यक्ष रामप्रवेश यादवसहित स्थानीयहरू र तीनै जनाको रोहबरमा आफूहरूले निजी लगानीमा नाला निर्माण तथा सडक ढलान गरिएको बताएका थिए । त्यसपछि स्थानीयहरूले ती व्यक्तिहरूले आफ्नो व्यक्तिगत लगानीमा काम गरिरहेकाले अवरुद्ध गरेनन् । तर पछि प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहको मिलेमत्तोमा सो नाला निर्माण तथा सडक ढलानमा मौलापुर नगरपालिकाद्वारा उपभोक्ता समिति बनाई भ्रष्टाचार गर्ने नियतले लाखौं बजेट निकासा गरेको पूर्व वडा अध्यक्ष रामप्रवेश यादवले बताए ।

वर्तमान वडा अध्यक्ष जयनाथ कुशवाहाले व्यक्तिगत लगानीमा बनाइएको नाला र सडक ढलानमा नगरपालिकाले बजेट निकासा हुनु निन्दनीय भएको बताए । सत्य, तथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न उनले माग गरेका छन् ।

यस विषयमा बुझ्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौँडाबाट सुर्यनारायण झाको नेतृत्वको टोली स्थलगत अनुगमन पुगेको थियो । तर अख्तियारको टोली पुनः आउने भन्दै फर्किएको थियो । यता प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहसँग बुझ्दा आफ्नो निजी लगानीबाट बनाउन प्रतिवद्धता जनाउने र सहि छाप गर्ने व्यक्ति असक्षम भएपछि नगरपालिकाको लगानीबाट निर्माण भएको बताए ।

## विश्व नेपाली साहित्य महासंघको भक्तपुर शाखा गठन

**भक्तपुर / मस**-विश्व नेपाली साहित्य महासंघ (विनेसाम)ले भक्तपुरमा शाखा गठन गरेको छ । रेणु घिमिरेको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरिएको विनेमासले जनाएको छ । समितिको सचिवमा संगीता ठाकुर, सह-सचिवमा मोहिनी पौडेल, कोषाध्यक्षमा सविता कोइराला चयन भएका छन् । यस्तै, सदस्यहरूमा राजबाबु श्रेष्ठ 'सागर', दुर्गा बराल, जगत नेपाल, भूमिका शर्मा, तारा सुनुवार, श्री केसी रहेका छन् भने सल्लाहकारमा मणिराज सिंह र डा. राधेश्याम ठाकुर रहेका विनेमासले जनाएको छ ।



विनेसाम नेपाल शाखा र बागमती प्रदेश शाखाको सयुंक्त आयोजनामा भक्तपुरमा शाखा गठन गरिएको हो । विनेसाम नेपाल शाखाकी अध्यक्ष कल्पना पौडेल 'जिज्ञासु'को अध्यक्षता, विनेसाम केन्द्रीय साहित्य तथा सञ्चार विभाग प्रमुख दामोदर कुमार ढकाल 'दीपक'को प्रमुख आतिथ्यता रहेको कार्यक्रमलाई महासंघ नेपाल शाखाका सचिव कृष्ण बहादुर केसीले काव्यात्मक रुपमा आशन ग्रहण गराउँदै सञ्चालन गरेका थिए । यस्तै, माधव विडारीले काव्यात्मक शैलीमा स्वागत मन्तव्य राखेका थिए ।

कार्यक्रमका विशिष्ट अतिथिहरू प्रा. डा. शैलेन्दु प्रकाश नेपाल, विनेसाम केन्द्रीय आर्थिक सचिव केबी पौडेल र विनेसाम नेपाल शाखाका सल्लाहकार मणिराज सिंह, शिव कुमारी केसी, विनेसाम नेपाल शाखाकी उपाध्यक्ष सीता विष्ट कार्की, राष्ट्रिय सुसेली मञ्च नेपालकी अध्यक्ष दुर्गा अधिकारी 'भमरकोटे', चन्द्रा न्यौपाने, सुशीला ढकाल अधिकारी, सुचिता काफ्ले, बासुदेव ठकुरी, माधव बिडारी, धरणीधर गुरागाईं, सुरेशचन्द्र घिमिरे, पूर्व सेनानी टंकबहादुर खत्री, जिज्ञासु पौडेल तिलक, कुलेश्वर पुडासैनी, गुनु केसी, राधिका रिमाल, भूमिका राई, रिता सिंह., गंगाप्रसाद तिवारी, सुवास सुबेदी, शिशिर ढकाल, विश्वास ढकाल, रेणु घिमिरे, संगीता ठाकुर लगायतको उपस्थित रहेको थियो ।

विनेसाम केन्द्रीय आर्थिक सचिव केबी पौडेल र नेपाल शाखाका सल्लाहकार मणिराज सिंहले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा प्रा. डा. शैलेन्दु प्रकाश नेपालले यस्ता किसिमको साहित्यिक कार्यक्रम निरन्तर रूपमा गर्न र आफू हर तरहले सहयोग गर्न तयार रहेको बताएका थिए ।

### ओलीको...

कारक भएको टिप्पणी गरे । स्थानीय चुनाव र प्रतिनिधिसभा चुनावको मतपरिणामले शहरिया मध्यम वर्गमा विचलन देखाएको उनको आरोप छ ।

उनी भन्छन्, 'आज अस्थिरता कसका माध्यमबाट भइरहेको छ भन्दाखेरि शहरिया मध्यम वर्ग सबभन्दा ज्यादा असन्तुष्ट भइराखेको छ, नेपालको राजनीतिक प्रणालीप्रति । त्यो कसको मातहतमा छ भन्दाखेरि तपाईहरु नेतृत्वको मातहतमा छ । तपाईहरुले उनीहरुलाई सन्तुष्ट गर्न सक्नुभयो राजनीतिक अस्थिरतातर्फ हामी मुलुकलाई लैजान सक्छौं । तपाईले आफ्नो ठाउँको जनतलाई सन्तुष्ट पार्न सक्नुभएन भने मुलुक अस्थिरताको भुमरीमा फस्छ ।' हरेक चुनावमा नयाँ नयाँ प्रयोग गरेर राष्ट्र बन्न नसक्ने एमाले महासचिव पोखरेलको टिप्पणी छ । 'हरेक वर्ष नयाँ नयाँ प्रयोग गरेर राष्ट्र बन्नसक्छ ? काठमाडौं उपत्यकामा एकपल्ट विवेकशील साझाको रुपमा एउटा प्रयोग गरियो । आज अर्को प्रयोग हुँदैछ । फेरि अर्को चुनाव आउँछ फेरि अर्को प्रयोगको नाममा स्थायित्वलाई खल्बल्याउने खालको काम हुन्छ । के यो जायज हो ?' उनले प्रश्न गरेका छन् ।

### विदेश...

युवायुवतीले समयमा राहदानी नपाए उनीहरुको वैदेशिक रोजगार यात्रा तीनदेखि पाँच महिना पर धकेलिने र कतिपयको वैदेशिक रोजगार नै गुम्ने खतरा रहेको वैदेशिक रोजगार व्यवसायीहरु बताउँछन् ।

विभागले ७७ वटा जिल्ला प्रशासन कार्यालय र १७ इलाका प्रशासन कार्यालय गरी ९४ स्थानबाट राहदानी दिने गरेको छ । राहदानी बनाउन राजधानीबाट आवेदन गर्ने मात्रै होइन जिल्लाबाट आवेदन गर्ने युवायुवतीहरु पनि पीडित देखिएका छन् ।

पूर्वी नवलपरासीमा राहदानी बनाउन तीन महिना पर्खिनुपर्ने बाध्यता रहेको उक्त जिल्लाको मध्यविन्दु-१५ का गोविन्द महतोले बताए । गत असार १७ गते फारम भरेका उनले बायोमेट्रिक गर्ने पालो करिब ४७ दिनपछि र बायोमेट्रिक दिएको एक महिनापछि मात्रै राहदानी पाएको बताए ।

विदेश यात्राका लागि विभागले एमआरपी विस्थापित गरेर ई-पासपोर्ट दिन थालेपछि आजभोलि विभागमा दैनिक हजारौं व्यक्ति राहदानीका निम्ति पुग्ने गरेका छन् । विभागबाट सजिलोसँग ई-पासपोर्ट पाउने सुनेका पाल्पाका लक्ष्मण पुनले विभाग आउँदा अवस्था उल्टो देखिएको बताए । उनले भने, 'विभागले ई-पासपोर्टका नाममा वेरोजगार युवायुवतीलाई थप सास्ती र हैरानी दिएको छ । काठमाडौंमा खाँदा बस्दा र आउनजान मात्रै गरेर राहदानीका लागि ऋण गरेको हजारौं रुपैयाँ खर्च गर्नुपर्ने बाध्यता छ । राहदानी नहुँदा हातमा आएको वैदेशिक रोजगारी फुस्किने त्रास छ ।'

विभागका महानिर्देशक सुरेन्द्र यादव अघिल्ला दुई वर्ष कोभिडका कारण मागअनुसार राहदानी वितरण गर्न नसकेको, कोरोना खोप उपलब्ध भएपछि राहदानीको माग ह्वात्तै बढेको र आवश्यक जनशक्ति अभावका कारण मागअनुसार राहदानी दिन कठिन भएको बताउँछन् ।

विभागमा अधिकृत र नायव सुब्बा गरी ४५ जनाको दरबन्दी भएपनि २६ जनामात्र खटाइएको छ । महानिर्देशक यादवको यो भनाइले स्वदेशमा रोजगारी नपाएका युवायुवतीले राहदानी बनाउन अझै लामो समय सास्ती खेप्नपर्ने प्रष्ट भएको छ । सरकारले ई-पासपोर्ट प्राप्त गर्नका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको छ । अधिकांशलाई राष्ट्रिय परिचयपत्र कसरी लिने भन्नेबारे नै जानकारी छैन ।

विभागले एक वर्षको अवधिमा ९ लाख ३३ हजार २ सय ९३ थान राहदानी वितरण गरेको छ । त्यस हिसावले मासिकरुपमा करिब ७८ हजार नेपालीले विदेश जाने उद्देश्यले राहदानी बनाएको देखिन्छ । उनीहरुमध्ये अधिकांश वैदेशिक रोजगारीमा जाने गरेका छन् । विभागको ढिलासुस्तीप्रति वैदेशिक रोजगारमा जाने युवायुवतीसहित राजनीतिक दल निकट भ्रातृ संस्थाहरु पनि असन्तुष्ट छन् ।

## पश्चिम पर्रोहा माविमा स्वर्ण महोत्सवको तयारी

**प्रदिप ज्ञवाली / मध्यान्ह**
सैनामैना, ९ पुस

सैनानैना नगरपालिका वडा नं. ५ बक्सडमा रहेको पश्चिम पर्रोहा माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वर्ष पूरा गरेको अवसरमा स्वर्ण महोत्सव मनाउने भएको छ ।

विद्यालयले स्वर्ण महोत्सवको अवसरमा शनिबार भूपू विद्यार्थीहरुसँग आवश्यक सहयोगको अपेक्षासहित छलफलको क्रमलाई अगाडि बढाएको छ ।

पुस २९गते स्वर्ण महोत्सव मनाउन लागिएको जानकारी विद्यालयका प्रध्यानाध्यापक इश्वरी घिमिरे गराएका थिए ।

भूपू विद्यार्थीहरुको भेलाले बसन्त श्रेष्ठको अध्यक्षतामा कमिटी गठन गरेको छ । जसको उपाध्यक्षमा उमाकान्त घिमिरे, सचिवमा राजेन्द्र घिमिरे, सहसचिवमा चन्द्रमान चौधरी र कोषाध्यक्षमा सीता बस्नेत भट्टराईसहित २९ सदस्य रहेका छन् ।

स्वर्ण महोत्सवको अवसरमा विद्यालयले विद्यालयका विद्यार्थीहरुका बीचमा तीन दिवसिय विभिन्न प्रकारका प्रतियोगिता गर्ने विद्यालयका प्रधानाध्यापक घिमिरेले बताए ।

महोत्सवलाई सभ्य र भव्य पार्नका लागि ५५ सदस्यीय मूल कमिटी लागेको छ ।

२०२९ सालमा कक्षा तीनसम्म सञ्चालन भई स्थापना भएको विद्यालयले यो अवस्थामा आइपुग्दा केही सुधारका कार्यक्रम गरिसकेको भएतापनि विद्यालय आर्थिक रुपमा सबल बनिसेको छैन । स्वर्ण महोत्सवको अवसरमा विद्यालयले स्मारिका समेत विमोचन गर्ने तयारी गरेको छ ।

## 'क्रिसमस डे' मनाइँदै

**काठमाडौं / मस**-नेपालसहित विश्वभरका क्रिश्चियन धर्मावलम्बीहरूले आज 'क्रिसमस डे' पर्व मनाउँदैछन् । हरेक वर्ष २५ डिसेम्बरमा येशु खिष्टको जन्मदिनको खुसियालीमा यो पर्व मनाउने गरिन्छ ।

दुई हजार वर्षअघि जेरुसेलमको बेथलेहममा कन्या मारियमको कोखबाट येशुको जन्म भएको मानिन्छ । येशुलाई जिसस क्राइस्ट पनि भनिन्छ । उनले मानव समुदायका लागि पुर्याएको योगदानको सम्झनामा इस्वी संवत् चलाइएको विश्वास गरिन्छ । क्रिसमसको अवसरमा राष्ट्रपति, प्रधानमन्त्रीलगायतले शुभकामना सन्देश दिएका छन् ।

राष्ट्रपति भण्डारीले इसाई धर्मावलम्बीहरूको पर्व 'क्रिसमस डे'को अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण इसाई धर्मावलम्बी नेपालीमा सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गरेकी छन् ।

उनले शुभकामना सन्देशमार्फत यस्ता चाडपर्वहरूको माध्यमबाट विविध सांस्कृतिक पहिचान एवं धार्मिक आस्था बोकेका समुदायबीच आपसी सद्भाव, सहिष्णुता र ऐक्यबद्धताको भावना अभिवृद्धि हुनाका साथै राष्ट्रिय एकतालाई थप मजबुत तथा सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेकी छन् ।

राष्ट्रपति भण्डारीले इसाई धर्मावलम्बीहरूको यस पर्वले सबै नेपालीहरूबीच आपसी विश्वास, प्रेम र एकताको भावनालाई प्रगाढ बनाउँदै समुन्नत नेपाल निर्माण गर्न सबैमा प्रेरणा प्रदान गरोस् भन्ने कामना गरेकी छन् ।

**सेक्यूरिटी कम्पनीको आवश्यकता**

चालु अवस्थामा रहेको साथै कुनै पनि उजुर–बाजुर नभएको सेक्यूरिटी कम्पनी बिक्रिमा भए सम्पर्क नं. वा इमेल मार्फत इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९८५१३२५७८७, ९८१३२२०२३४
इमेल: nepalahr@gmail.com

# कोरोनाको जोखिम कायमै, स्वास्थ्य मापदण्ड पालना गर्न आग्रह



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ९ पुस

छिमेकी देश भारत र चीनमा कोरोनाको संक्रमण बढेसँगै नेपाल पनि सतर्कता अपनाउन थालिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड संक्रमणको जोखिम कायमै रहेको भन्दै जनस्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह गरेको छ ।

शनिबार एक विज्ञप्ति जारी गर्दै मन्त्रालयका प्रवक्ता डा. सञ्जयकुमार ठाकुरले क्रिसमस र अंग्रेजी नयाँ वर्षमा भीडभाड हुनसक्ने भन्दै त्यस अवधिमा सतर्कता अपनाउन आग्रह गरेका छन् । विज्ञप्तिमा कोभिड संक्रमणबाट बच्न र बचाउन मास्कको प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्न पनि अनुरोध गरिएको छ ।

'बुस्टर डोज लगाउन बाँकी रहेका सर्वसाधारणहरूले स्थानीय स्वास्थ्य संस्थामा गएर खोप लगाउनुस् । कोभिडको जोखिम कायम छ' विज्ञप्तिमा भनिएको छ ।

हाल छिमेकी राष्ट्र चीन, जापान, दक्षिण कोरियालगायत राष्ट्रहरुमा कोभिडको संक्रमण पुनः देखिन शुरु भएको छ । त्यहाँ देखिएको कोभिडको सव भेरिएन्ट बिएफ ७ को संक्रमण दर दिनानुदिन वृद्धि हुँदै गएको छ । यस भेरिएन्टले छोटो समयमा नै धेरै व्यक्तिलाई संत्रमण गर्ने देखिएको छ। मन्त्रालयले भने हालसम्म भने यो भेरिएन्ट नेपालमा पुष्टि नभएको जनाएको छ ।

प्रवक्ता डा. ठाकुरले खुला सिमाना र मानिसहरुको आवतजावतका कारणले नेपालमा पनि यसको संक्रमण जोखिम रहेको हुँदा यसको रोकथाम एवं नियन्त्रणका लागि जनसमुदाय सजग एवं सचेत हुन जरुरी देखिएको बताए ।

स्वास्थ्य मन्त्रालयले कोभिडको रोकथाम तथा पहिचानका लागि सीमा नाका तथा अन्तर्राष्ट्रिय विमानस्थलहरुबाट नेपाल भित्रिने यात्रुहरुको ज्वरो नाप्ने, शंकास्पद व्यक्तिहरुको एन्टिजेन टेष्ट र जीन सिक्वेन्सिङ गर्ने कार्य भइरहेको जनाएको छ ।

साथै पोजिटिभ देखिएका एवं लक्षण देखिएका व्यक्तिहरुलाई स्वास्थ्यकर्मीहरुको सल्लाह बमोजिम होम आइसोलेसन तथा अस्पताल भर्ना गरी उपचार गर्ने कार्य भइरहेको विज्ञप्ति मार्फत् जानकारी गराइएको छ ।

विद्यालयस्तरमा खोप लगाउने तयारी

सरकारले खोप लगाउन छुटेका बालबालिकाहरुलाई विद्यालयस्तरमा पुगेर लगाउने तयारी गरेको छ ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडीएसएस) २०२२ को अध्ययनले नेपालमा चार प्रतिशत बालबालिका खोप लगाउन छुटेको पाइएको छ ।

खोप लगाउन छुटेका तिनै चार प्रतिशत बालबालिकालाई खोज्न विद्यालयस्तरमा कार्यक्रम लैजाने तयारी गरेको परिवार कल्याण महाशाखा अन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुखले जनाएको छ । विद्यालय, शिक्षा मन्त्रालय, नीजि क्षेत्रहरुसँगको सहकार्यमा मात्र उक्त योजना सफल हुने शाखा प्रमुख डा.सागर दाहालले बताए ।

उक्त अभ्यास लागू भए भर्ना हुने क्रममा बालबालिकाको अन्य विवरणसँगै नियमित खोपको मात्रा पुरा गरे-नगरेको बारे सोधिनेछ। सो क्रममा खोप लगाउन छुटेका बालबालिका भेटिए खोप लगाउन मिल्ने प्रावधान मिलाइने दाहालले बताए ।

सरकारले वर्षेनी एक वर्ष मुनिका करिब ५ लाख ३८ हजार बालबालिकालाई नियमित खोप लगाउने गरेको छ। जसमध्ये करिब २१ हजार ५२० बालबालिका छुटेको एनडीएचएसको रिपोर्टले देखाएको छ ।

सन् २००१ देखि क्रमश सुधार आउन थालेको यो अवस्था सन् २०२२ मा आएर पुनः बढेको देखिन्छ । सन् १९९६ मा २० प्रतिशत बालबालिकाले कुनै पनि खोप लगाउदैन थिए । सन् २००१ मा यो संख्यामा सुधार आउँदै १ प्रतिशतमा झरेको थियो। त्यसपछि क्रमश सन् २००६ मा ३, २०११ मा ३, २०१६ मा १ हुँदै २०२२ मा ४ प्रतिशत पुगेको एनडीएसएसको रिपोर्टमा उल्लेख छ ।

## बुटवल महोत्सव

# खाद्य बस्तुको बिक्रिमा लापरबाही




**जगत ठाडा मगर/मध्यान्ह**
बुटवल, ९ पुस

यतिबेला नेपालको विभिन्न प्रमुख शहर तथा व्यापारीक केन्द्रहरुमा महोत्सवहरु चलिरहेका छन् । लुम्बिनी प्रदेशको मुख्य व्यापारीक केन्द्रको रुपमा रहेको बुटवलमा पनि १५औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव -२०७९ चलिरहेको छ ।

यहि पुस ७ गते राष्ट्रपति विद्यादेवी भण्डारीबाट उद्घाटन भएको महोत्सवभित्र राखिएका खाद्य वस्तुहरुको स्टलहरुबाट बिक्रि वितरणमा चरम लापरवाही पाइएको छ ।

प्रारम्भिक रुपमा गरिएको बजार सर्वेक्षणबाट विभिन्न स्टलहरुमा गैरकानूनी रुपमा कार्य गरिरहेको पाइएपछि आयोजक संस्था रुपन्देही उद्योग संघ, नेपाल उद्योग परिसंघ काठमाडौं तथा लुम्बिनी प्रदेश उद्योग परिसंघको अनुगमन विभागका जीवकान्त काफ्ले तथा आयोजक संस्थाका देवीराम पाण्डेसहितको टोलीका साथै शान्ति नेपाल मिडिया तथा आम नेपाली टेलिभिजनको संचारकर्मीसहितको टिमले अनुगमनका क्रममा विभिन्न कम्पनीका स्टिकर तथा नयाँ मितिको छाप हान्ने मेसिनसमेत बरामद भएको छ ।

शिवा फुड प्रोडक्स मधौलिया १५ रुपन्देही स्थायी लेखा नम्बर ६१८९४८८८६, शिव ओम फुड प्रोडक्स सिदानर्थनगर रुपन्देही दर्ता नम्बर प्रा. फ.न.घ.उ.वि.१६३२१०५४/५५, न्यौपाने फुड प्रोडक्स, तामनगर बुटवल १२ को न्यौपाने नमकिन दर्ता नं १६०७४/०७५/०७६ तथा ओम महालक्ष्मी अचार उद्योग बुटवल रुपन्देही दर्ता नं १८८७४/०७६/७७ को सामान बिक्री भइरहेको स्टलमा सामानको मूल्यमा हेरफेर तथा स्टलमै सामग्रीमा स्टिकर टाल्ने तथा नयाँ मितिको स्टाम्प लगाउँदा लगाउँदै भेटिएको थियो ।

शनिबार भएकोले मानिसहरुको चाप बढी भएको अवस्थामा यी सामग्रीहरु बिक्रि भएका हुन् । उपभोक्ताको स्वास्थ्य अवस्थामाथि गम्भिर असर पार्न सक्ने यस्ता खाद्य बस्तुको बिक्री वितरण भइरहँदा सिंगो महोत्सवमाथि नै प्रश्न चिन्ह खडा भएको छ । यस्ता महोत्सवहरुमा सम्बन्धित स्थानीय सरकार, उपभोक्तासँग सम्बन्धी कार्य गर्ने संघसंस्थाहरु तथा जिल्ला प्रशासन कार्यालयको समेत अनुगमन हुनुपर्नेमा त्यस्तो अवस्था देखिएको छैन । सम्बन्धित पक्षको समयमानै ध्यान जान सकेन भने यो महोत्सवबाट हजारौं उपभोक्तको स्वास्थ संवेदनशिलता माथि खेलवाड हुने देखिएको छ ।


# गाँजासहित महिला पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ पुस

रौतहटमा लागुऔषध गाँजासहित एक जना महिला पक्राउ परेकी छन् । पक्राउ पर्नेमा माधवनरायण नगरपालिका वडा नम्बर ५ मिठुअवा बस्ने ५२ वर्षीया सितापती देवी साह रहेकी छन्। बिहीबार दिउँसो आफ्नै घरमा लागुऔषध गाँजा लुकाई छिपाई राखी बिक्री वितरण गरिरहेको भनी सूचना प्राप्त हुनसाथ ईलाका प्रहरी कार्यालय गरुडा र जिल्ला प्रहरी कार्यालय रौतहटबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले सहाको घर तलासी गर्दा साढे २ किलो लागुऔषध गाँजा फेला पारेको थियो । बरामद गरसएको गाँजासहित सितापती भन्ने लोलावती देवी समेतलाई नियन्त्रणमा लिई शुक्रबार रौतहट जिल्ला अदालतबाट म्याद थप लिई ईलाका प्रहरी कार्यालय गरुडामा राखी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# अश्लील शब्द प्रयोग गर्दै जातीय विभेद, कारबाहीको माग

**मान बहादुर विश्वकर्मा/मध्यान्ह**
कालीकोट, ९ पुस




सामाजिक अभियान्त एवं पत्रकार वीर तिरुवाले आफूमाथि जातीय भेदभाव भएको बताएका छन् ।

कालीकोट रास्कोट नगरपालिका वडा नं. ५ बस्ने तिरुवाले आफूमाथि सोही नगरपालिकाबाटै जातीय भेदभाव भएको बताएका छन् ।

रास्कोट नगरपालिका वडा नं. १ हेप्कोट बस्ने ३० वर्षीय अशोक कुमार शाही, उनका श्रीमति साविना कुमारी शाही (विना साविना ठकुरी) र उनकी साली पशुविना शाही (प्रीया शाही) ले सामाजिक रुपमा आफूमाथि जातीय विभेदमा खलल् पुग्ने गरी भेदभाव गरेको बताएका छन् ।

पीडक तीनै जनाले सामाजिक सञ्जालमार्फत जातीय विभेद हुने खालका विभिन्न अश्लील शब्दहरु प्रयोग गर्दै गाली गलौज गरेका तिरुवाले बताए ।

आपत्तिजनक र अपमान जनक शब्दहरुप्रति तिरुवाले शुक्रबार जिल्ला प्रहरी कार्यालय कालीकोटमा जाहेरी समते दर्ता गरेका छन् । विभिन्न समयमा कुटपिट गर्ने योजना समेत तय गरेर फोनमा धम्की दिएको र सहन नसकी शुक्रबार जातीय विभेद सम्बन्धी जाहेरी दर्ता गराएको तिरुवालले बताएका छन् । जाहेरीमा वीर तिरुवाले आफुलाई सामाजिक रुपमा खलल् पुग्ने गरी गाली गरेको र सिंगो दलित समुदायको सामाजिक अस्तित्वलाई मेटाउने गरी भेदभाव गरेको हुँदा पीडकलाई जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन २०६८ र (पहिलो संशोधन) ऐन, २०७५ को दफा ३ को उपदफा १२ अनुसार कसुर गरेको हुँदा उक्त ऐनको दफा ७ (ख) अनुसार हुँदैसम्मको सजाय गरी उक्त ऐनकै दफा (९) अनुसार प्रचलित ऐन कानून कारबाही गरी पाउँ भनि जाहेरी दर्ता गराएको पीडित तिरुवाले बताए ।

# एनआरएनए कतारले मनायो २० औं स्थापना दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ९ पुस



गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए) कतारले आफ्नो २० औं स्थापना दिवस भव्यरूपमा मनाएको छ । नेपाली राजदूतावास कतारका राजदूत नरेश विक्रम ढकालको प्रमुख आतिथ्यता तथा संघका अध्यक्ष मोहमद मुक्तदाको सभापतित्वमा दिवस मनाइएको हो । सन् २००३ डिसेम्बर ११ तारिकका दिन कतारमा विश्वमै दोस्रो एनसीसीको रूपमा संघको स्थापना भएको थियो ।

कतारमा चलेको फिफा विश्वकपका कारण डिसेम्बरको दोस्रो साता मनाइने स्थापना दिवस केही दिन पर सारेर शुक्रबार मनाइएको हो । स्थापना दिवसको अवसर पारेर पहिलो पटक परिषद् कतारका संस्थापक, आइसीसीका पदाधिकारी एवं सदस्यहरू, स्थापनाकालदेखिका सम्पूर्ण अध्यक्षहरू लगायत प्रमुख सल्लाहकार, सल्लाहकार, पदाधिकारी एवं सदस्यहरूलाई दोसल्ला ओढाएर सम्मान पत्रले सम्मान गरिएको थियो ।

कार्यक्रममा कतारमा रहेका विभिन्न संघसस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूले शुभकामना मन्तव्य राखेका थिए । त्यस्तै एनआरएनए मध्यपूर्वका विभिन्न तहका पदाधिकारी, आइसीसीका मानार्थ तथा पदाधिकारीहरूले शुभकामना मन्तव्य राखेका थिए । वक्ताहरूले कतारमा रहेको एनआरएन अब वयस्क भएको हुँदा केन्द्रको नेतृत्व लिन अब मध्यपूर्वले कम्मर कस्नु पर्ने बताए । मध्यपूर्वबाट आकांक्षी बन्ने मात्र नभई जित्न पनि सजिलै सकिने हुँदा एकताको खाँचो रहेको औंल्याए । रेमिट्यान्सको ५५ प्रतिशत हिस्सा ओगटेको खाडी क्षेत्रले एनआरएनको नेतृत्व लिन चुक्न नहुने वक्ताहरूको भनाइ थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि राजदूत ढकालले समयसँगै एनआरएन हुर्किंदै गएको बताए । एनआरएन तथा समाजमा दुई दशकभन्दा बढी समय खर्चिएका अग्रजप्रति लक्षित गर्दै ढकालले नेपालबाट राजादेखि राष्ट्रपतिसम्मको भ्रमण कतारसम्म भए पनि कतारका अमिरको भ्रमण नेपालमा हुन र गराउन किन नसकिएको होला भनी प्रश्न गरेका थिए ।

उनले आफू कतार आएको साढे पाँच महिना मात्र भएको हुँदा आफूले नेपालमा अमिरको भ्रमण गराउन पहल गरिरहेको बताउँदै सबैबाट साथ र सहयोगको अपेक्षा गरेको बताए । कतारमा दुई वटा एनआरएन बनिरहँदा सबैभन्दा बढी अप्ठेरोमा आफू परेको बताउँदै त्यो समयमा कहीँकतैबाट साथ नपाएको उनले गुनासो गरे । उनले आफ्नो चाहाना कतारमा एउटा मात्र एनआरएनए होस् भन्ने रहेको बताए । पानसमा बत्ती बालेर तथा केक काट्दै उद्घाटन गरिएको कार्यक्रममा संघका प्रथम उपाध्यक्ष जैवी चाम्लिङ राईले स्वागत मन्तव्य राखेका थिए ।

महासचिव पदम गिरिले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति मुसलमानले हरियो पासपोर्ट र रातो पासपोर्ट बिच कुनै खाडल नरहेको बताए । उनले मध्यपूर्वले चाहेमा आइसिसीको फुट पनी मिलाउन सक्ने दाबी गर्दै एकजुट हुन सबैमा आग्रह गरे । उनले सबै जना एक अर्कालाई पछ्आर्नमै लागेको हुँदा नेतृत्वमा पुग्न नसकेको जिकिर गरे । उनले मनमा चिसो तिक्तता भए २० औं स्थापना दिवसबाट त्यागेर अगाडि बढ्न सके सफलता मिल्ने विश्वास व्यक्त गरे ।

# बाँकेमा रचना वाचन तथा प्रशिक्षण कार्यक्रम

**पवन जायसवाल/मध्यान्ह**
बााके, ९ पुस

विश्व नेपाली साहित्य महासंघ बाँकेले खजुरामा गजल तथा मुक्तक प्रशिक्षण एवं रचना वाचन कार्यक्रम सम्पन्न गरेको छ । खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर वि.क तुफानको प्रमुख आतिथ्यतामा शुक्रबार भएको कार्यक्रममा विनेसामका सदस्य लक्षमण सापकोटाले स्वागत मन्तव्य राखेका थिए। विनेसाम लुम्बिनी प्रदेशका अध्यक्ष लेक प्रसाद प्याकुरेल र विनेसाम बाँके शाखाका सचिव महेन्द्र सेडाईले संयुक्त रुपमा कार्यक्रमको सञ्चालन गरेका थिए ।




कार्यक्रममा गाउँपालिका अध्यक्ष वि.कले खजुरा क्षेत्रलाई साहित्यमा अब्बल बनाउनका लागि खजुरा प्रज्ञा प्रतिष्ठान गठन गरिएको जानकारी दिए । साहित्यलाई माथि उकास्नका लागि प्रशिक्षणले महत्वपूर्ण भूमिका खेल्ने उनले बताए । आगामी दिनमा सहयोग गर्नका लागि गाउँपालिकाको सदैब तयार रहेको उनको भनाइ थियो । कार्यक्रममा विशिष्ट अतिथि तथा खजुरा गाउँपालिका उपाध्यक्ष मञ्जु मल्लले कार्यक्रमका लागि नेपाली साहित्य महासंघ नेपालकी अध्यक्ष कल्पना पौडेल 'जिज्ञासु'लाई धन्यवाद दिंदै आगामी दिनमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिन् ।

कार्यक्रममा प्रशिक्षक तथा वरिष्ठ साहित्यकार खगेन्द्र गिरि 'कोपिला', विनेसाम बाँकेकी सदस्य इन्दिरा गौतम, ज्ञनोदय बहुमुखी पब्लिक क्याम्पसमा अध्ययनरत प्रतिभा अर्याल, संजना बोटे, स्पर्श अधिकारीले रचना वाचन गरेका थिए। यस्तै, विनेसाम बाँकेका सचिव महेन्द्र सेडाई र प्रेम प्रकाश मल्ल 'मधुकर'ले उदित नारायण झाको गीत सुनाएका थिए। कार्यक्रमकी सभाध्यक्ष गीता अर्याल तथा प्रशिक्षक कोपिलाले गजल तथा मुक्तक लेखनका बारेमा जानकारी दिएका थिए ।

कार्यक्रममा ज्ञनोदय बहुमुखी पब्लिक क्याम्पस, अरुणोदय माध्यमिक विद्यालय, ज्ञानोदय माध्यमिक विद्यालयका विद्यार्थी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

कार्यक्रममा ज्ञानोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक तथा विनेसामका सल्लाकार ऋषिराम सापकोटा, ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस खजुराका क्याम्पस प्रमुख चरित्रा शाह, महेन्द्र सेडाई, विनेसामका उपाध्यक्ष हीरा बहादुर शाही, प्रियन्का वैश्य, विनेसामका कोषाध्यक्ष वीरमान केसी, सदस्य आन्तरिक्ष देवकोटा, हिमाल शर्मा पौडेल, लक्ष्मी विसी, विमला परियार, ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस खजुरा, अरुणोदय माध्यमिक विद्यालय, ज्ञानोदय माध्यमिक विद्यालयका विद्यार्थीहरुमा विशेष गुरुङ, खुशी गिरी, पिन्की, पुनम बराल, प्रतिभा अर्याल, अन्जू काँदू, फूलजहाँ खाँ, संजना बोटे, स्वीकृति बोटे, तिला पाण्डे, पवन जायसवाल र शिक्षक, शिक्षिका, विनेसामका पदाधिकारीहरुको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा अतिथि तथा प्रशिक्षकलाई मायाको चिनो प्रदान गर्नुका साथै सहभागीहरुलाई प्रमाण-पत्र प्रदान गरिएको थियो।

मध्यान्ह
www.madhyanhadaily.com
१० पुस २०७९, आइतबार
25 December 2022, Sunday

## सम्पादकीय

# अस्थीरताकै भय !

प्रतिनिधिसभाको दोस्रो ठूलो दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले फेरि मुलुक मध्यावधिमा जान संक्ने सार्वजनिक अभिव्यक्ति दिएका छन् । केन्द्रीय मूख्यालय च्यासलमा शनिबार आयोजित एक कार्यक्रममा ओलीले अहिलेको संसदले मुलुकलाई निकास दिन सक्ने अवस्था नरहेको बताएका थिए । यो संसदले निकास नदिनुको अर्थ मुलुक मध्यावधिमै जानु रहेको ओलीको अभिव्यक्ति थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ (२) बमोजिम सरकार गठनका निम्ति दिएको समय नसकिदै ओलीले मध्यावधिबारे दिएको अभिव्यक्तिले राजनीतिक वृत्त तरंगित हुन पुगेको छ । ओलीले मध्यावधि चुनावबारे बोलिरहदा बालुवाटारमा भने सत्तारूढ गठबन्धन सरकार गठनकै छलफलमा थिए । तर नेपाली कांग्रेस नेतृत्वको यो गठबन्धनले नयाँ सरकार गठनमा सहमति जुटाइसकेको छैन । जबकी राष्ट्रपतिले दुई वा दुई भन्दा बढी दलको बहुमतबाट बन्ने सरकारका निम्ति समय आजै सकिदैछ ।

गठबन्धनका दलहरूबीच सहमति जुट्न नसक्नु र ओलीले मध्यावधि चुनावबारे अभिव्यक्ति दिनुले आमनागरिक पंक्तिमा तरंगित हुनु स्वभाविक पनि छ । किनकि बितेको पाँच वर्षे अभ्यासले मुलुक अझैपनि राजनीति सामान्य अवस्थामा फर्कन नसकेको देखाएको छ । अघिल्लो चुनावले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई पाँच वर्षे स्थीर सरकार चलाउने जनादेश भएपनि बीचमै प्रतिनिधिसभा विघटनको असंवैधानिक निर्णय भएको थियो । पार्टीभित्रको विवादका कारण ओलीले प्रतिनिधिसभा विघटन गरी मध्यावधिमा जाने निर्णय गरेपछि मुलुकको राजनीतिक कोर्स बदलिन पुगेको थियो । कतिसम्म भने २०७२ को संविधान असफल हुने खतरा देखिएको थियो ।

तर सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटन र मध्यावधि चुनावको निर्णय बदर गरिदियो । दुईदुई पटक ओलीले गरेको निर्णय बदर गरेरै अहिलेको सत्ता गठबन्धन बनेको थियो । गठबन्धनलाई प्रष्ट बहुमत भने प्राप्त हुन सकेको छैन । सामान्य बहुमत जुटाउने अवस्था रहेकाले सत्तारूढ दलहरू सरकार निर्माणको प्रयत्न गरिरहेका छन् । तर दिनहुँको छलफलबाट ठोस् निर्णय हुन सकेको छैन । यस्तोमा ओलीले फेरि मध्यावधिको त्रास सिर्जना गरेका छन् । जबकी कांग्रेसको विकल्पमा एमालेले सरकार बनाउन सक्छ । त्यो बाटो रहदारहँदै ओलीले दिएको गैरजिम्मेवार अभिव्यक्ति र सत्तारूढ दलहरूमा कुर्सी केन्द्रीत अडानले मुलुकमा फेरि पनि अस्थीरताकै भय देखिएको छ । जिम्मेवारी राजनीति स्थापित हुन बाँकी रहेको प्रष्ट संकेत देखिएको छ, जसलाई सच्याउनु नै आजको दायित्व हो ।

# सजाय, अनुशासन र बालबालिका

अग्रलेख



● बाले विश्वकर्मा



बालबालिका असल र अनुशासित होउन् भन्ने चाहना सबैको हुन्छ । अभिभावक हुन् या शिक्षक सबैले बालबालिकालाई उचित शिक्षा दीक्षाका साथ राम्रो वातावरणमा हुँर्काउने चाहना राखेका हुन्छन् । अभिभावकहरु आफ्ना बालबालिका शिक्षित होउन्, सुसंस्कृत होउन्, उनीहरुको चौतर्फी विकास होस् भन्ने नै चाहन्छन् र यसको एक प्रमुख माध्यमका रूपमा रहेको विद्यालयमाथि भर गरिएको हुन्छ । विद्यालयसँग सम्बन्धित व्यक्तिहरु पनि त्यसैका लागि सघाउ पुऱ्याइरहेको बताउछन् । तर कतिपय भनाई र गराईमा भने धेरै फरक रहन गएको पनि देखिन्छ । जानेर, नजानेर हो वा हेल्चेक्र्याँई वा दायित्वबोधको अभावले हो, बालबालिकाप्रति अभिभावकले गर्ने विभिन्न व्यवहार र विद्यालयको व्यवहार एवम् वातावरण बालबालिका लागि सजिलो, सुहाउँदो र उपयोगी नभई रहेको प्रशस्त देख्न र सुन्न पाइन्छ । बालबालिका स्वभावैले चन्चल हुन्छन्, नयाँ कुरा सिक्न र बुझ्न चाहन्छन्, प्रयोग गर्न उत्सुक हुन्छन्, सिको गर्न खोज्छन् र यीनै कारण उनीहरुबाट भएका कतिपय क्रियाकलापहरु वयस्कका आँखाबाट सही नलाग्न सक्छन् । अनि उनीहरुलाई सही बाटोमा ल्याउने भनेर शारीरिक र मानसिक सजाय दिने जस्ता गलत प्रक्रिया अपनाइएको पाइन्छ ।

बालबालिकाले जीवनको महत्वपूर्ण समय घर र विद्यालयमा खर्चिन्छन् । घर र विद्यालयबाट बालबालिकाले शिक्षामात्र नभई जीवनसम्बन्धी विविध ज्ञान, सीपसमेत प्राप्त गर्ने गर्दछन् । यदी घर र विद्यालय बालमैत्री वा बालबालिकाको लागि सुहाउँदो भएन भने बालबालिकाको सिकाई उपलब्धी मात्र कम हुने नभई उनीहरुलाई विभिन्न नकारात्मक प्रभावसमेत पर्न जान्छ । बाल्यकाललाई मानव जीवनको सबैभन्दा महत्वपूर्ण, संवेदनशील र नाजुक अवस्थाको अवधिको रूपमा लिइन्छ । बाल्यकालमा भोगेका, देखेका कुराहरुले मानिसको सम्पूर्ण जीवनलाई प्रभावित पारिरहेको हुन्छ । त्यसैले घरपरिवार, विद्यालय वा समुदायमा बालबालिकाको निम्ति र बालबालिकाका साथमा गरिने सबै गतिविधिहरु उमेर, क्षमता र अवस्थाअनुरूप उनीहरुका लागि सुहाउँदो र सरल हुनु पर्दछ । तर, कतिपय अवस्थामा हामीले जे भोगेका थियौं, त्यहीँ दोहोऱ्याई रहेका पनि हुन सक्छौं । जसमा सुधारको खाँचो महसुस नभइरहेको पनि हुन सक्दछ । वयस्कहरुको दृष्टिमा सामान्य र मामुली लाग्ने कुराहरु पनि बालबालिकाका लागि अत्यन्त महत्वपूर्ण र गम्भीर हुन् सक्दछन् । बालबालिकाप्रति गरिने व्यवहार र हरेक गतिविधिहरुलाई बयस्कको पक्षबाट मात्रै नभई बालबालिकाका पक्षबाट पनि हेर्नु र महसुस गर्नु आवश्यक हुन्छ ।

**अनुशासन र सजाय**

बालबालिकाका लागि पहिलो घरपरिवार र दोस्रो विद्यालय धेरै कुराहरु सिक्ने ठाउँ हो । जहाँ बालबालिकाले जीवनको एक महत्वपूर्ण पक्ष 'अनुशासन'को बारेमा पनि सिक्नुपर्दछ । तर, अनुशासन सजायको डरले नभई यो जीवनको एक अभिन्न अङ्ग हो भन्नेरूपमा स्वभाविक ढंगले लिन, बुझ्न सक्ने वातावरण सिर्जना गरिनुपर्दछ । के-केलाई अनुशासनभित्र राख्ने, नराख्ने भन्ने कुरा बालबालिकाको आधारभूत अधिकार, वयस्कहरुको दायित्वलगायतका विषयका आधारमा तय गरिनु पर्दछ । यस सन्दर्भमा बालअधिकारका आधारभूत सिद्धान्तहरु: बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिइनु, बालबालिकालाई कुनै पनि आधारमा भेदभाव नगरिनु, बालबालिकाको दीर्घ जीवन र विकासलाई ध्यान दिइनु, बालबालिकाको विचार र भावनालाई उचित मान्यता दिइनु पर्ने कुरालाई बिर्सन हुँदैन । यसै गरी हाम्रा हरेक कार्यले बालबालिकाको बाँच्न पाउने, संरक्षण पाउने, विकास गर्न पाउने र सहभागी हुन पाउने बालअधिकारका चार पक्षहरुमा आघात पुऱ्याउन हुँदैन । कोही पनि बालबालिका अनुशासनबिहीन हुनु हुँदैन र अत्यन्त कडा, कठोर अनुशासनले पनि बालबालिकाको स्वभाविक विकासमा वाधा नै पुऱ्याउँछ भन्ने कुरामा पनि सबैको ध्यान जान आवश्यक छ । अनुशासन कायम गर्ने नाममा बालबालिकालाई धेरै र कतिपय अमानवीय सजायहरु पनि दिइएको पाइन्छ । सजायले तत्काल एक छिनलाई समस्या समाधान भएको जस्तो देखिएता पनि यसको दीर्घकालीन परिणाम भने राम्रो हुँदैन ।

अनुशासन कायम गराउन डर र दबाब होइन समझदारी र सहभागितालाई प्राथमिकता दिनुपर्दछ । सही अनुशासनले बालबालिकालाई सिकाउँछ तर, सजायले बालबालिकालाई पीडा दिन्छ । तसर्थ, सिकाउने नाममा बालबालिकालाई दिइएको पीडाले सकारात्मक परिवर्तन ल्याउन अझ कठीन बनाउन सक्छ । अनुशासन किन चाहिन्छ भन्ने बारेमा बालबालिकालाई स्पष्ट गरिनु पर्दछ । बालबालिकालाई डर, बल, करले होइन रहरले अनुशासित बन्ने वातावरण सिर्जना गरिनुपर्छ र त्यसको पूर्ण जिम्मेवारी वयस्कहरुमा रहेको हुन्छ । अरु अनुशासनमा बसेको देख्न चाहनेले आफु पनि अनुशासनमा रहनु अत्यावश्यक हुन्छ भन्ने कुरालाई बिर्सन हुँदैन ।

**अनुशासन कायम र आत्मविश्वास**

घरपरिवार र विद्यालयमा अनुशासन कायम गराउनु महत्वपूर्ण हुन्छ । अनुशासनलाई सही ढंगले परिभाषित तथा कार्यान्वयन गर्न गराउन नसकेमा त्यो 'कुशासन' हुन पुग्छ र 'विद्रोह' जन्मन्छ । कतिपय अवस्थामा विद्रोह आवश्यक र सकारात्मक पनि हुन सक्छ भने यसलाई सही ढंगले समायोजन गर्न नसकिएमा परिणाम नकारात्मक हुन पुक्दछ । विभिन्न अनपेक्षित व्यवहार, क्रियाकलापबाट

> *अनुशासन कायम गराउन डर र दबाब होइन, समझदारी र सहभागितालाई प्राथमिकता दिनुपर्दछ । सही अनुशासनले बालबालिकालाई सिकाउँछ तर, सजायले बालबालिकालाई पीडा दिन्छ । तसर्थ, सिकाउने नाममा बालबालिकालाई दिइएको पीडाले सकारात्मक परिवर्तन ल्याउन अझ कठीन बनाउन सक्छ । अनुशासन किन चाहिन्छ भन्ने बारेमा बालबालिकालाई स्पष्ट गरिनु पर्दछ । बालबालिकालाई डर, बल र करले होइन रहरले अनुशासित बन्ने वातावरण सिर्जना गरिनुपर्छ र त्यसको पूर्ण जिम्मेवारी वयस्कहरूमा रहेको हुन्छ ।*

बालबालिकाले आफ्नो विद्रोह जनाइरहेका हुन सक्छन् र त्यसलाई नियन्त्रण गर्न हामीले पुनः परम्परागत शैलिमा कडा अनुशासन पालनाका लागि सजायको आड लिइरहेका हुन सक्छौं । यस घनचक्करबाट बालबालिकामा अझ बढी नकारात्मक प्रभाव परिरहेका पनि हुनसक्छ । अनुशासन कायम गर्ने नाममा धेरै अप्रीय घटनाहरु भएका छन् । तसर्थ, अनुशासन, सजाय र आत्मविश्वासबीच उचित समन्वय हुनुपर्दछ । बालबालिकालाई स्वनियन्त्रित बनाउन तथा उनीहरुको आत्मविश्वास बढाउन सकारात्मक ढंगमा सिकाइने कुरा नै अनुशासन हो । सकारात्मक अनुशासनको मूल कुरा भनेको प्रोत्साहित गर्नु हो, कुन व्यवहार किन राम्रो हो वा नराम्रो हो भन्ने बारेमा स्पष्ट पार्नु हो । अनुशासन र आत्मविश्वास वा आत्मसम्मानको एकआपसमा अत्यन्त महत्वपूर्ण सम्बन्ध रहेको हुन्छ । अनुशासनबिहीन बालबालिकाहरु, आत्मसम्मान वा आत्मविश्वासका साथ हुर्कन सक्दैनन् । त्यसैगरी आत्मसम्मान बिनाको अनुशासन कोरा बन्धन हुन पुग्दछ र यसले पनि बालबालिकाको स्वभाविक विकासलाई बाधा पुऱ्याउँछ । हामी बालबालिकाको कतिपय स्वभावमा परिवर्तन चाहन्छौं र त्यसैले उनीहरुका लागि 'कडा अनुशासन' बनाउने पनि गर्दछौं । तर, हरेक कुरामा यसो गर्नु हुँदैन, उसो गर्नु हुँदैन भनेर "हुँदैन, हुँदैन" मात्रै भन्यौं भने बालबालिकाको आत्मविश्वास कमजोर हुँदै जान्छ । कतिपय अवस्थामा त्यो "हुँदैन, हुँदैन" को विकल्प के हो बालबालिकाले बुझ्ने गरी देखाइदिनु पनि पर्दछ । हामीले उनीहरुको व्यवहारमा, स्वभावमा परिवर्तन ल्याउनु छ भने पनि सबैमा एकै चोटी परिवर्तन ल्याउँछु भनेर हरेक कुरामा बन्देज गर्नुहुँदैन । जुन स्वभाव परिवर्तन गर्न अति आवश्यक छ, (त्यस्तो व्यवहार जसले उसलाई एक्ल्याउँछ वा उसैलाई हानि पुऱ्याउँछ, वा समूहलाई नै हानि पुऱ्याउँछ) त्यस्ता कुराहरुमा मात्रै पहिला केन्द्रित हुनुपर्दछ । दृष्टिकोणअनुसार नै पूर्णतः हामीले भनेअनुसार कै अर्थात् साँचोमा हालेर बनाएको ईंटा जस्तो चारकुने ठ्याक्कै मिलेको हुनुपर्छ भनेर बालबालिकाको हरेक कुरामा परिवर्तन खोजिनु हुँदैन । बालबालिका आफैंमा महत्वपूर्ण छन्, उनीहरु भित्रै क्षमता छ र उनीहरुले गर्न सक्छन् भन्ने सोंचका साथ सकारात्मक ढंगमा आत्मविश्वास बढाउनुपर्छ । बालविकासका क्रममा उनीहरुमा आउने स्वभाविक परिवर्तन र विशेष आवश्यकताहरुलाई महसुस गर्दै सोहीअनुसारको व्यवहार गरिनुपर्छ । तर, सबै बालबालिकाको बुझ्ने, ग्रहण गर्ने, विचार गर्ने क्षमताको विकास समान स्तरमा भएको हुँदैन भन्ने कुरामा पनि ध्यान दिनुपर्छ ।

**बालबालिकाको आत्मविश्वास बढाउन ध्यान दिनुपर्ने कुराहरु**

बालबालिकाको विशेष क्षमता, योग्यतालाई पत्ता लगाउने, उक्त क्षमता, योग्यता, सीपलाई बालबालिका आफैंले देख्न सक्ने बनाउन सहयोग गर्न र त्यसको विकासका निम्ति, निरन्तरताका निम्ति उचित वातावरण बनाइदिने, बालबालिका जुन अवस्थामा छन्, त्यसै सन्दर्भमा उनीहरुका नकारात्मक वा अनपेक्षीत स्वभावहरुलाई हेर्ने, बालबालिकालाई होच्याउनु वा उनीहरुको अस्तित्वलाई न्यूनीकरण गर्न पनि हुँदैन भने अवस्थानुसार उनीहरुसँग अत्याधिक अपेक्षा पनि राख्नु हुँदैन ।

बालबालिकाको क्षेत्रमा काम गरेको लामो अनुभवबाट बालबालिकामा परिवर्तन ल्याउन चार 'स' अर्थात् समय, संयमता, समझदारी र सहभागिताको अधिक आवश्यकता पर्छ भन्ने ठम्याई रहेको छ । बालबालिकाको स्वभाव र व्यवहारमा उचित ढंगले परिवर्तन ल्याउन आफुले पनि गुणस्तरीय समय दिन आवश्यक हुन्छ । बालबालिकाको स्वभाव छुमन्तर गरेर परिवर्तन हुँदैन र यो प्रक्रिया पूरा हुन समय लाग्छ भन्ने कुरामा स्पष्ट हुनुपर्दछ । हतारमा नत हामीले बालबालिकाका गुण कुरा बुझ्न सक्छौं, न त बालबालिकाले नै हामीले छाँटेको व्याख्यान बुझेर अनुभूत गर्न सक्छन् । यसैगरी आफ्नो संयमतालाई गुमाउनु नै हुँदैन, कतिपय अवस्थामा बालबालिकाले रिस उठ्ने वा होच्याउने, दोष दिने ढंगले कुरा गर्न पनि सक्दछन्, आवेगमा आउने, उत्तेजित हुने पनि हुन सक्दछन्, त्यस बेला आफू संयमित हुनै पर्छ र उसका कुरा सुन्नुपर्छ । हामीले नै संयमता गुमायौं भने समाधान तर्फ उन्मुख हुन नै सक्दैनौं । समस्याप्रति र सुधारका प्रक्रियाप्रति बालबालिका, परिवार र आफु तथा आफ्ना सहकर्मीहरुबीच समझदारी कायम गरिनु पर्दछ । कुनै पनि अनपेक्षित व्यवहारहरुलाई सबै सहकर्मीले समानरूपमा हेर्ने समझदारी हुन आवश्यक छ । अन्यथा, कसैले त्यही घटनालाई सामान्यरूपमा लिने वा वास्ता नगर्ने र कसैले गम्भीररूपमा लिने अवस्था आयो भने बालबालिका अलमलमा पर्नुका साथै सुधारका प्रयत्नहरु प्रभावकारी नहुन सक्छन् । सबै सुधारका कार्यमा बालबालिका स्वयम्का साथै अन्य सरोकारवालाहरुको सहभागितालाई महत्व दिइनु पर्दछ । वास्तविक प्रशंसाबाट बालबालिकाको आत्मविश्वास बढ्छ । तर, त्यो प्रशंसा वास्तविक हो कि होइन भन्ने कुरा बालबालिकाले पनि महसुस गर्छन्, थाहा पाउँछन् भन्ने कुरालाई सधैं सम्झनु पर्दछ । अत्याधिक प्रशंसा गरिएमा पनि सोप्रति बालबालिकाले विश्वास गर्न सक्दैनन् । प्रशंसा नै नगर्नु पनि हुँदैन ।

बालबालिकालाई अनुशासित बनाउन तथा घरपरिवार र विद्यालयलाई नै व्यवस्थित पार्न विभिन्न नियमहरु बनाइएका हुन्छन् । तर, यी नियम बालबालिकाले मात्रै पूरा गर्नुपर्छ भन्ने होइन, शिक्षक, कर्मचारी र अभिभावकले पनि पालना गर्नुपर्दछ । घर र विद्यालय सिंगैका लागि नियमहरु बनाउदा बालबालिकालाई पनि सहभागी बनाउनु पर्दछ । यस्ता कुराहरु उनीहरुको छलफलबाट नै बनाउनु बढी प्रभावकारी हुन्छ । यस्ता नियमहरुलाई निरन्तरता दिइएन वा अभिभाव र शिक्षकले चाहेको बेलामा नियमको कुरा गर्ने र मन नलाग्दा नियमको वास्ता नगर्ने गरिएमा बालबालिकाले पनि सोही कुरा सिक्दछन् । तसर्थ, धेरै नियम बनाउनुभन्दा थोरै नियमहरु बनाउनु र त्यसलाई सधैं र सबैले पालना गर्नु गराउनु प्रभावकारी हुन्छ ।

अनुशासन कायम गर्ने भन्ने कुरा अभिभावक, बालबालिका तथा शिक्षकबीचको राम्रो सम्बन्धमा पनि भर पर्दछ । अभिभाव र शिक्षकको व्यवहार राम्रो भयो भने र गल्ती तथा कमजोरीका कारण बालबालिकालाई हेला वा वेवास्ता गरिएन बरु मद्दत गरियो भने बालबालिका अझ बढी प्रभावित हुन्छन् । जसबाट उनीहरुलाई अनुशासित हुन मद्दत पुग्दछ । यदि अनुशासन कायम गराउने तरिकालाई सही ढंगले अगाडी बढाइएन भने यसले बालबालिकालाई नकारात्मक असर पार्न सक्दछ । बालबालिकाहरुलाई पिटेर अनुशासन सिकाउन सकिँदैन । यदि हामीले पिटेरै सुधार्ने प्रयत्न गऱ्यौं भने यसबाट हामीले उनीहरुलाई कसरी राम्रो व्यवहार गर्ने भन्ने सिकाउनुको सट्टा कसरी पक्राउ नपरु, नसमातिऊ भन्ने कुरा सिकाई रहेका हुन सक्छौं । जसबाट बालबालिकाले राम्रो अनुशासित काम गर्नेभन्दा पनि नराम्रो काम गरेपछि कसरी फुत्किन वा नसमातिन सकिन्छ भन्ने तर्फ बढी ध्यान दिन सक्छन् । हाम्रो चाहना, उद्देश्य राम्रो भएपनि हामीले अपनाएको प्रक्रियाले बालबालिकामा नकारात्मक छाप पर्ने वा गलत सिकाई हुन पनि सक्छ भन्ने विषयमा हाम्रो ध्यान जानु जरुरी हुन्छ ।

*(लेखक विश्वकर्मा बालअधिकारकर्मी हुन् ।)*

## सामाजिक सञ्जाल



**- बसन्त घिमिरे**

संसद भवनमा सपथ पछि रवि लामिछानेले हात मिलाउदै कुरा गर्न खोज्दा प्रधानमन्त्रीलगायत धेरै नेताहरूले वेवास्था गरेको प्रष्ट देखिन्थ्यो । उनीहरू सर्वसाधारण त्यसरी आफु सरह अगाडी बस्न सक्ने हैसियत बनाउन सक्छ स्वीकार्न किन नसकेका ? हेर्दा सामान्य लाग्ने यो दृश्यले अर्थ ठूलो राख्छ ।



**- बाबुलाल भण्डारी**

नेपालको संविधानले राष्ट्रपति पदलाई एउटा नितान्तः आलंकारिक हदमा सिमित गरेको हो । तर, राम वरण र विद्या भण्डारीले पदीय हैसियतका सीमा पर्खाल पटक–पटक भत्काएर राष्ट्रपति पदलाई झण्डै कार्यकारी अवस्थामा ल्याइदिए । परिणामतः अहिले यसै पदलाई केन्द्रमा राखेर सबैले सौदाबाजी गर्दैछन् !



**- कृष्ण घिमिरे**

नयाँ सिङ्गे कोरोना चिन र इण्डियामा देखियो । दिल्लीमा बादल लागे काठमाडौंमा पानी पर्छ भन्छन् । इण्डियामा सतर्कता शुरू भयो तर, यता झन पछि झन मौलाना मस्त ! होस् गरौं बेलैमा, भोलि ढिला नहोस् । बेहोशी अकर्मण्यक सरकार जागोस् ।



**- रञ्जित तामाङ**

सरकार गठन गर्ने बेला वाम एकताको कुरा गर्नु स्याल पारा हो । 'कि तँ छैन, कि म छैन' भनेर चुनाव लड्ने, अनि सत्ताको खूदोमा लट्पटिन वाम एकताको कुरा गर्ने ? चुनावमा भिड्दा मार्क्स, लेनिन, माओले चिहानबाट उठेर 'वाम एकता गर्न हुन्न' भन्दै हाम्रा राता स्यालहरूको बाटो छेकेजस्तो त लाग्दैन ।



**- राधाकृष्ण कटवाल**

देश डुबानबाट बचाउने एउटै उपाय : सात प्रदेशका सांसद, मन्त्री, सभामुख, प्रदेश प्रमुख हटाएर सात विकास क्षेत्र घोषणा गरी प्रदेशका सांसद मन्त्री पाल्ने खर्चले चाहेजस्तो विकास गर्न सकिन्छ । यस तर्फ हामी जनता स्वयम् लाग्न जरूरी छ । संघीयताले देशलाई १४ खर्ब ऋण बोकाई सकेको छ ।

# प्रजातन्त्रको मर्ममाथि प्रहार

विचार



● अनिल योगी

> *प्रजातान्त्रिक व्यवस्थामा राजनीतिक दल विचारका आधारमा निर्वाचनमा सहभागी हुनुपर्छ र जनताले दिएका मतका आधारमा को सत्तामा जाने भन्ने कुराको टुङ्गो लगाउने संवैधानिक र कानुनी व्यवस्था हुन्छ । तर, नेपालको हकमा एकातिर दलगत चुनावी प्रतिस्पर्धा हुँदैन भने अर्कोतिर चुनाव पछि सत्ता समीकरण पनि जनताले स्वीकृत गरेका दलहरूबीच हुँदैन । जनताले अस्वीकृत गरेका शक्ति सत्ताको नेतृत्वमा जान खोज्नु प्रजातान्त्रिक मर्मभित्र पर्दैन ।*

प्रजातान्त्रिक व्यवस्थाको वकालत गर्ने नेपालका मात्र होइन, विश्वका शासकहरुले आफ्नो सक्कली अनुहार विश्व मानव दुनियाँका सामु कसरी देखाउने भन्ने कुराको उनीहरुलाई हेक्का नहुन पनि सक्छ । तर, प्रजातान्त्रिक व्यवस्थाका मूल्य र मान्यतालाई बुझेका मानिसले यिनिहरुका अनुहार कसरी सजिलै हेर्ने भन्ने चिन्ता र चासोको विषय बनेको छ । वास्तविक प्रजातान्त्रिक व्यवस्थामा आवधिक निर्वाचनका माध्यमद्वारा बहुमत प्राप्त राजनीतिक दलले सरकार निर्माण गर्ने हक राख्दछ भने, बहुमत ल्याउन नसक्ने दलले प्रतिपक्षमा बस्नुपर्ने व्यवस्थालाई प्रजातान्त्रिक व्यवस्था भनिएको र मानिँदै पनि आएको छ । तिन दशकदेखि नेपालको राज्यसत्तामा आएका शासकहरुले प्रजातान्त्रिक व्यवस्थाको अभ्यास गर्दैछन् कि के गर्दैछन् ? नेपाल विवेकयुक्त मानिस बस्ने देश हो कि, यहाँ जे गर्दा पनि त्यो प्रजातान्त्रिक व्यवस्थाको अभ्यास हुँदैछ भनेर मान्ने ? मानिस बस्ने देशलाई पशुको देश बनाउने कि मानिस बस्न लायक देश बनाउने ?

कर्णाली अञ्चलको एउटा जिल्लामा एउटा जातिले आफ्ना दाजुभाईका लागि एउटा नारीलाई विवाह गर्ने र त्यो परिवारमा भएका सबै दाजुभाईले पालैपालो श्रीमतिका रूपमा ती नारीलाई भोग गर्ने चलन थियो । आजकल भने त्यो चलन हराउँदै गएको छ । प्रजातान्त्रिक शासन व्यवस्थाको विकल्प छैन भन्ने विद्धान नेपालीले प्रजातान्त्रिक व्यवस्थाको आवरणमा पालैपालो देश चलाउँछौ भन्नेहरुको मरेको अप्रजातान्त्रिक विवेक र विचारमाथि बहस गर्नुपर्छ कि पर्दैन ?

निर्वाचनकै समयमा आगामी पाँच वर्ष आलोपालो सरकार चलाउने विषयमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीछ समझदारी भएको थियो । जुन कुरा अप्रजातान्त्रिक मात्र थिएन अवैज्ञानिक पनि थियो । के चुनाव अगावै राज्यको कार्यकारी पदको भाग लगाउन मिल्छ ? प्रजातान्त्रिक व्यवस्थामा राजनीतिक दलका विचारका आधारमा निर्वाचनमा सहभागी हुनुपर्छ र जनताले दिएका मतका आधारमा को सत्तामा जाने भन्ने कुराको टुङ्गो लगाउने संवैधानिक र कानुनी व्यवस्था हुन्छ ।

सरकार बनाउन राष्ट्रपतिले दिएको सीमा आइतबार अपरान्ह सकिँदै छ । सरकार बनाउनु पर्ने समयको दबाबमा परेका देउवा र प्रचण्ड दुवैले पहिलो चरणमै प्रधानमन्त्री बन्ने मेरो पालो हो भन्दै बखेडा गर्न थालेका छन् । यस्तो अप्रजातान्त्रिक मात्र होइन, पाखन्डतापूर्ण राजनीतिक सभ्यता भएका नेपालका नेताहरुले अरुलाई प्रजातान्त्रिक व्यवस्थाका पक्षमा छौं भन्नु जस्तो बेईमानी अरु के हुन्छ ? यस्तो अनैतिक काम गर्न छुट दिने राजनीतिक व्यवस्थालाई प्रजातान्त्रिक व्यवस्था हो भनेर विवेकयुक्त नेपालीले कसरी पत्याउने ?

नेपालका राजनीतिक दल र नेताहरु बिधिको व्यवस्थाका पक्षमा छैनन् भन्ने कुरा प्रमाणित सत्य हो । तर, नेपालीले नेपालका राजनीतिक दलहरुप्रतिको मोह त्याग्न नसक्दा लज्जास्पद काम गर्नेहरुका अप्रजातान्त्रिक हरकत हामीले हेरिरहनुपर्ने बिडम्बनायुक्त दिनको अन्त्य हुन सकेन । विवेक र विचारका आधारमा देश दुनियाँ बचाई राख्नुपर्ने दायित्वबाट च्युत हुँदै आफू सत्तामा बसेर शानको जीवन बाँच्न चाहने पार्टीका नेताहरुको मुर्खताले निम्त्याउने देश दुनियाँको बर्वादीलाई नजर अन्दाज गर्नु हुँदैन । देशको भविश्य राम्रो छैन । सबैलाई चेतना भया !

*(लेखक योगी पत्रकारितामा सक्रिय छन् ।)*

## तपाईको राशिफल

**मेष** : सबै कार्यमा सावधानी र धैर्य राख्नुपर्ने देखिन्छ ।
**वृष** : वाहन सावधानी राख्नुस् र स्वास्थ्यमाथि ध्यान दिनुहोला ।
**मिथुन** : शान्तिमा वृद्धि हुने योग छ । साथीहरूसित भेटघाट हुनेछ ।
**कर्कट** : आत्मविश्वास बढ्दै जानेछ । जग्गासम्बन्धी कार्यमा लाभ प्राप्त हुनेछ ।
**सिंह** : आयको नौलो स्रोत बन्नेछ । स्वास्थ्य राम्रो रहन्छ ।
**कन्या** : शिक्षामा सुधार हुनेछ । सन्तानको कार्यमा सफलता मिल्नेछ ।
**तुला** : आकस्मिक धनलाभको योग छ । शत्रु कमजोर हुनेछन् ।
**वृश्चिक** : साथीभाईबीच सम्बन्ध राम्रो भइरहनेछ । आत्मबल बढ्दै जानेछ ।
**धनु** : जोखिम भएको कार्यमा धन लगाउन हुँदैन । स्थान परिवर्तन हुने योग छ ।
**मकर** : खर्चमाथि नियन्त्रण राख्नुस् । अचल सम्पत्तिमा वृद्धिको योग छ ।
**कुम्भ** : अनिर्णयको स्थिति रहन्छ । धैर्य राखेर कार्य गर्नु होला ।
**मीन** : सामान्य रूकावट अशान्ति दिनेछ । धनलाभमा कमी हुने देखिन्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# बिहारस्थित एक इाटाभट्टामा विस्फोट, ९ जना मारिए



**काठमाडौं/एजेन्सी–** पूर्वी भारतको बिहार राज्यस्थित इँटाभट्टामा विस्फोट हुँदा भट्टाका मालिकसहित नौ जना मजदुरको मृत्यु भएको छ भने अन्य आठ जना घाइते भएका छन् ।

स्थानीय अधिकारीका अनुसार बिहारको राजधानी पटनाबाट एक सय ५४ किलोमिटर उत्तरमा अवस्थित पूर्वीचम्पारण जिल्लाको नारिगिर गाउँमा शुक्रबार साँझ उक्त दुर्घटना भएको हो । घाइतेको रक्सोलको निजी अस्पतालमा उपचार भइरहेको छ ।

विस्फोटको जानकारी प्राप्त हुने वित्तिकै उद्धारकर्ता र प्रहरी घटनास्थलमा पुगेका पूर्वीचम्पारण जिल्ला मजिस्ट्रेट कार्यालयले जनाएको छ ।

राज्यको विपद् व्यवस्थापन केन्द्रका उद्धारकर्ता भग्नावशेषमुनि खोजी गरिरहेका छन् । विस्फोटको कारण सार्वजनिक गरिएको छैन । सम्बद्ध निकायले अनुसन्धान थालेको छ ।

यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त घटनामा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेका छन् । साथै उनले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना समेत गरेका छन् ।

# अमेरिका र क्यानडामा हिमआँधी करोडौं मानिस प्रभावित

**काठमाडौं/एजेन्सी–** अमेरिका र क्यानडामा अत्यधिक चिसो बढेको छ । अत्याधिक चिसो मौसमका कारण २५ करोड मानिसहरु जोखिमको सामना गरिरहेको अन्तरिष्ट्रिय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

अमेरिकाका १२ वटा राज्यमा संकटकालीन कदमहरु चालिएको छ भने कम्तीमा १९ जना मानिसहरुले ज्यान गुमाएका छन् । मोन्टाना राज्यमा कीर्तिमानी माइनस ४५ डिग्री सेल्सियस तापक्रम मापन गरिएको छ । अमेरिकामा लगभग १५ लाख घर र व्यापारिक भवनहरुमा बिजुली आपूर्ति प्रभावित भएको छ भने हजारौं उडानहरु रद्द भएका छन् ।

अर्को हप्तासम्म कायम राख्ने भविष्यवाणी गरिएको खराब मौसमले मानिसहरुको क्रिसमस योजना बिथोलेको छ । उक्त व्यापक चिसो आँधी टेक्ससदेखि क्यानडाको कुबेकसम्म ३,२०० किलोमिटरभन्दा धेरै क्षेत्रमा फैलिएको छ ।

वायुमण्डलीय चाप घटेपछि अमेरिका-क्यानडा सीमा क्षेत्रमा रहेका ठूला तालहरु भएको क्षेत्रमा बरफसहितको तुफानको अवस्था देखा परेको छ । क्यानडामा ओन्टेरियो र कुबेकले उत्तरी ध्रुवीय विस्फोटको असर भोगिरहेका थिए र त्यहाँ हजारौं घरमा विद्युत् आपूर्ति बन्द भएको थियो ।

ब्रिटिस कोलम्बियादेखि न्यूफन्डल्यान्डसम्म देशका अधिकांश भागमा चरम चिसो र हिमआँधीको चेतावनी दिइएको थियो ।

अमेरिकी राष्ट्रिय मौसम सेवा एनडब्लूएसले शुक्रबार जारी गरेको मौसमसम्बन्धी नक्सालाई जाडो मौसमको चेतावनी समेटिएको हालसम्मकै सबैभन्दा व्यापक चित्रण भएको बताएको छ ।



मोन्टानाको एल्क पार्कमा तापक्रम माइनस ४५ डिग्री सेल्सीअसमा झरेको छ भने मिशिगनको हेल सहर जमेको छ । उक्त सहरमा शुक्रबार राति हिउँले ढाकिएको क्षेत्रमा तापक्रम माइनस १७ डिग्री सेल्सीअस भएको थियो ।

स्मिटीको हेल सलुनमा बारटेन्डर रहेकी एमिलीले बीबीसीलाई भनिन्, 'यहाँ धेरै चिसो छ, हामी एक खाले नर्कमा छौं ।' साउथ डेकोटामा हिउँ क्षेत्रमा रहेका अमेरिकी आदिवासीहरुले इन्धन सकिएपछि न्यानोको लागि लुगा बालेर ताप्नुपर्ने अवस्था आएको आदिवासी अधिकारीहरुले बताए ।

**साउदीमा रोजगारको अवसर** | कम्पनी : UT QUALITY ARABIA CO LTD. शहर: Al MANAMA

पुर्व स्वीकृत मितिः २०७९/०९/०६ चलानी नं.:६०१९३६१६ LT. No.:278010

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe and Boiler Insulation Agent | 2 | 0 | स. काममा दक्ष | 1300 | ४५,६८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुस १७ गते (1 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसाग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**हित ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि.**
श्रम ईजाजत नं. १३७/०५५/५६
पो.ब.: ११८६२, बसुन्धारा, काठमाडौं, फोन : ०१-४९७००८८, ०१-४९७००७७, मो.: ९८५१०२७८५७
फ्याक्स : ४३५७४५४, Email : hitoverseasemployment@gmail.com

**मलेसियामा रोजगार** | कम्पनी : KAWALAN KESELAMATAN SENTRAL (M) SDN.BHD.( 476817-T ) शहर : Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०९/०८ चलानी नं.: ६०१९३७२४ LT. No.: 278049

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 98 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष १७ गते (1 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC Gov. Lic No. 1219/074/075
**SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.**
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705, 4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com

**मलेसियामा रोजगार** | कम्पनी: KHALID ALUMINIUM SDN.BHD. शहर: Malaysia, Selangor

पूर्व स्वीकृत मितिः २०७९/०९/०८ चलानी नं.:६०१९३६९७ LT. No.: 278106

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 9 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष १७ गते (1 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**Maven Recruitment Services Pvt. Ltd.**
साविकको: Baby Star International Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np

**मलेसियामा रोजगार** | कम्पनी : HPMT INDUSTRIES SDN BHD शहर: Malaysia, Sealangor

पूर्व स्वीकृत मितिः २०७९/०९/०८ चलानी नं.: ६०१९३७२३ L.T. No.: 278184

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुष १७ गते (1 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**Reaz And Farah Employment Services Pvt. Ltd.**
Gov. Lic. No. 1008/068/069
G.P.O. Box No.: 8925, Basundhara-8, Kathmandu, Tel 01-5903860, 5903387
Web: www.reazfarah.com | E-mail : reazandfarah@gmail.com

**MALAYSIA मा रोजगारको अवसर**

कम्पनी : BSSB Leather & Fabric Beds SDN.BHD शहर: Selangor

पूर्व स्वीकृत मितिः २०७९/०५/२१ चलानी नं.: ६०१८७०८३ LT. No.: 271179 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 120 | 0 | स. काममा दक्ष | 1500 | ४४,८३५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुष १७ गते (1 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**खगोल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ६३५/०६३/०६४
Email: info@khagoloverseas.com, khagoloverseas@gmail.com, khagolnepal@gmail.com
बानेश्वर, काठमाडौं, फोन: ०१-५२४४०४६, ०१-५२४४७४७, ०१-५२४४४४८

## Invitation for Bids

**Triveni Rural Municipality**

**Office of the Municipal Executive**

**Luham, Salyan**

### Invitation for Bids for the Dhungibazar Pimkhola Makhantakuri Road

**Date of publication: 2079-09-10**

1. The Triveni Rural Municipality, Office of the Rural Municipal Executive, Luham, Salyan has allocated funds towards the Construction of Dhungibazar Pimkhola Makhantakuri Road and intends to apply part of the funds to cover eligible payments under the Contract Dhungibazar Pimkhola Makhantakuri Road, Biddings open to all eligible as per Section V of bidding document.

| Contract Identification No. | Description of Works | Bid Document Fee Rs. | Bid Security Amount Rs. | Bid Security Validity Period |
|---|---|---|---|---|
| TRM/SLN/NCB/WORK/1/079/80 | Dhungibazar Pimkhola Makhantakuri Sadak Nirman | 5000.00 | 9,95,000.00 | 120 days from last date of Bid Submission |

Triveni Rural Municipality, Office of the Rural Municipal Executive, Luham, Salyan invites electronic bids from eligible bidders for Dhungibazar Pimkhola Makhantakuri Sadak Nirman under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

Only eligible bidders with the following key qualifications should participate in this bidding:

- ***Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRS. 1,50,00,000.00***
- ***Minimum Work experience of similar size and nature: as per mention in bidding document.***

Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Triveni Rural Municipality, Office of the Rural Municipal Executive, Luham, Salyan Phone no. **9857844600, 9841047933**, E-mail: **ito.trivenimunsalyan@gmail.com** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
3. Bidder have only option to submit their bid electronically and may down load the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank : Rastriya Banijya Bank, Luham Branch, Salyan**
**Name of Office : Triveni Rural Municipality, Luham, Salyan**
**Internal revenue Account no. : 4380100301010002**

4. Pre-bid meeting shall be held at Triveni Rural Municipality Office at Jan 10, 2023, 13:00 Hrs.
5. Electronic bids must be submitted to the office Triveni Rural Municipality Officethrough PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before 12:00 on 23 Jan, 2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 23 Jan, 2023 at the office of Triveni Rural Municipality Office, Luham, Salyan. Bids must be valid for a period of 90 after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of As Stated above which shall be valid for 30 days beyond the validity period of the bid.

Information to deposit the cost of bid security in Bank:

**Name of the Bank : RastriyaBanijya Bank, Luham Branch, Salyan**
**Name of Office : Triveni Rural Municipality, Luham, Salyan**
**Dharauti Account no. : 4380100303000002**

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason what soever.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१० पुस २०७९, आइतबार
25 December 2022, Sunday

# बक्स अफिस समाचार

## ‘देवी भन्ने सिरियलले मलाई चिनायो’

तीन दशक अघिबाट नेपाल टेलिभिजनबाट प्रशारण हुने अधिकांश सिरियलमा लेखन, निर्देशन र अभिनयमा जमेका कलाकार हुन् लय संग्रौला । उनी वि.सं. २०13 सालमा नेपालको पुर्वी जिल्ला तेह्रथुमको आठराईमा जन्मिएका हुन् । धनाढ्य परिवारमा जन्मिएका संगौलाको केही बाल्यकाल आठराईमा नै बित्यो भने त्यसपछि अर्थात वि.सं.२०२० सालमा झापाको बुधबारे भन्ने ठाउँमा बसाई सरे । दर्जन बढी सफल टेलिचलचित्रको निर्देशन गरेका उनले चिनारी, लोग्ने मान्छे चलचित्रको निर्माण, निर्देशन समेत गरेका छन् । नेपाल टेलिभिजनको स्थापनाकालबाट नै टेलिभिजनको पर्दामा उदाएका वरिष्ठ चलचित्रकर्मी लय संग्रौलाले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :



**तपाईंको कलाकारिता कहिलेबाट शुरु भएको हो ?**

मेरो कलाकारिताको यात्रा झापाबाट नै शुरु भएको हो । झापामा हुँदा नाटकमा अभिनयका साथ साथै लेखनमा लागेको थिएँ । काठमाडौं आएपछि कृष्ण मल्ल, मोहन निरौला, रमेश बुढाथोकीहरुसँग मेरो राम्रै चिनजान थियो । उहाँसँग मेरो नाटक यात्रा केही वर्ष बित्यो । अभिनयका साथ साथै मैले पढाईलाई निरन्तता दिइरहेको थिएँ । यसरी मेरो कला क्षेत्र अगाडि आएको हो ।

**टेलिभिजनको यात्रा ?**

काठमाडौंमा नाटक गरेर जिविका चलाउन कठिन पर्दै गयो । त्यो बेला म मास्टर्स डिग्री पनि पढिरहेको थिएँ । पढाईको सिलासिलाका क्रममा पनि ममा आर्थिक कठिनाई पऱ्यो । वि.सं. २०४१ सालमा मेरो नीर शाहसँग दोस्ती भयो । नेपाल टेलिभिजनको पनि स्थापना त्यही समयमा भयो । नीर शाहसँगै मलाई टेलिभिजनमा नै जागिर खाने अवसर जुट्यो । आफ्नो भविष्य कोरल्न गाउँबाट आएको केटोले चन्द्रसमशेरको दरबारमा अधिकृतको जागिर पनि पायो । यहीँबाट मैले प्रशस्त टेलिफिल्म निर्माण गर्ने मौका पाएँ । सोही सिरियलहरुमा मैले खेले पनि । केही वर्ष मैले मेरा फिल्महरुको यात्रा रोकेर यतैतर्फ लागें ।

**आफैंले निर्माण गरेको पहिलो सिरियल कुन थियो ?**

मैले सानातिना थुप्रै फिल्ममा काम गरिसकेको थिएँ । तर, मलाई राम्ररी चिनाएको र दर्शकमाझ परिचित भएको सिरियल भने वि.सं.२०५२ सालमा ‘देवी’ भन्ने हो । यस सिरियलले मेरो आर्थिक अवस्था सुधार ल्याउनुका साथै लय संग्रौला भनेर व्यापक चिनाएको थियो ।

**टेलिजिभनको जागिर कहिलेसम्म रह्यो ?**

मैले २३ वर्ष सात महिना १० दिन जागिर खाएको हो । वि.सं. २०६५ सालबाट मैले जागिरबाट बिदा लिएको हो । किनभने त्यो समयमा तत्कालीन माओवादीका प्रचण्ड प्रधानमन्त्री भएर आए । प्रचण्ड प्रधानमन्त्री भएपछि मेरो अन्तर आत्माले नै उनीहरुको सरकारसँग मेरो तालमेल हुन्छ जस्तो लागेन । झापाको मान्छे, पुर्वीय मान्छे अलि कडा स्वभावको थिएँ । दोब्रिएर बाँच्नुभन्दा भाँचिनु निको ठानेर म टेलिभिजनबाट बाहिरिएको हो ।

**प्रतिभा भएको मान्छेले छोड्नु आवश्यक थियो र ?**

म कवि कलाकार मान्छे । मलाई मान्छे मार्ने मान्छे कहिलै मन पर्दैन । हाम्रो प्रयास भनेको रुँदै गरेको मान्छेलाई एकछिन भएपनि हँसाउनु हो । रुँदै गरेको मान्छे हाँसेको तस्विर विश्वमा कुनै र कसैको पनि सुन्दर देखिँदैन । त्यस कारण मैले त्यो पदबाट राजिनामा दिएर बाहिरिएको हो । त्यसपछि फ्रि भएर निकै फिल्ममा काम गर्ने मौका पाएँ र काम गरें । सोही समयमा मैले गीतमा रुची भएका कारण गीति एल्बम ‘कल्पकृक्ष’ स्रोतामाझ पस्किएँ । आफ्नै लगानीमा निर्माण भएको यो गीतका भावले स्रोताको मन छोएको पाएँ । केही गीत चर्चामा पनि आएको थियो । लेखनमा पनि रुची थियो । आफ्नो रुची भएपछि जागिरबाट बाहिरिएर ‘कालचक्र’ भन्ने उपन्यास पनि मैले निकालें । यसरी मेरो कला यात्रा जारी रहेको छ ।

**लेखन शैलीलाई अझै लेख्दै हुनुहुन्छ कि छोड्नुभयो ?**

अन्य क्षेत्रमा भन्दा लेखनमा बाँच्न सकिन्छ जस्तो लाग्छ । त्यस कारण अझै केही किताव लेखनहरुमा मेरो ध्यान जाला जस्तो छ । सायद छिट्टै सार्वजनिक गर्छु होला । टेलिफिल्म फिल्म लेखनमा एकदमै लागि परेको छु । त्यस कारण पनि यता समय मिलाउनुपर्ने हुन्छ ।

**कोरोना महामारीपछिको फिल्म क्षेत्रलाई कसरी नियाली रहुनभएको छ ?**

कोरोना महामारी पछि त आफ्नो यो क्षेत्र ओरालो लागेको महसुस गर्छु । बाँच्नलाई गाह्रो नभएता पनि व्यस्त हुनलाई गाह्रो छ अहिले । पहिलाको तुलनामा अहिले त्यति चलायमान बन्न नसकेको अनुभुती गर्दछु ।

**अबको यात्रालाई कसरी अगाडि बढाउने सोच रहेको छ ?**

मेरो उमेरले निकै नेटो काटेको छ । तर आफूलाई व्यस्त बनाएर फिल्म र टेलिफिल्म लेखनमा नै अगाडि बढाउने सोच हो । यो बाहेक मैले अरु जानेकै छैन ।

**बाल्यकालमा तपाई कस्तो हुनुहुन्थ्यो ?**

सानोमा म एकदमै छुच्चो थिएँ । सबैसँग झगडा गरिरहनुपर्ने स्वभाव, स्कुलमा पनि फाइट खेलिरहनुपर्ने । तर यस्तो छुच्चो र झगडालु हुँदा पनि त्यो समयमा म कविता लेखिरहन्थें । साथसाथै ठट्टा गर्ने, कमेडी गर्ने बानी पनि थियो ।

**झगडा कतिको गर्नुहुन्थ्यो ? झगडा गरेको कुनै घटना याद छ ?**

पहाडमा जन्मिएको म, मुखियाको नाती हो । एकजना छिमेकी पाठकको छोरा काले भन्थे । उसकी बहिनीलाई पोकली भन्थे, त्यो घर नजिकैको कुवामा पानी भर्न आएकी रैछे । उ जब जब पानी गाग्रामा हाल्थी म माटो लगेर हालिदिन्थें । म कतिसम्मको मान्छे थिएँ त । उ भन्थी, ‘नगर न काइला माथि घरबाट आमाले बोलाउने बेला भयो ।’ नभन्दै उताबाट ‘ए पोकली, कता मरिस्, पानी लिएर छिटो आइज’ भन्दै तीनकी आमाले बोलाइन् । उताबाट पोकलीले उही पारामा चिच्याई । ‘यहाँ काइलाले गाग्रामा माटो हालिदिएर पानी घोप्ट्याए फेरि भरें, फेरि घोप्ट्यायो फेरि भरें’ भनिन् । यसो भन्दा भन्दै पोकलीको दाइ कुदेर आयो र के गरेको काइला भनेर हप्कायो । कुदेर आएर होला निकै स्वा स्वा गरिरहेको थियो, मैले त्यही बेला भनें, ‘तै के गर्छ है धम्की ।’ निकै झगडा परेको थियो । अहिले म त्यो कालेलाई भेटेर कालेको गालामा मोइ खान मन छ । किनभने मैले नराम्रो काम गरेको थिएँ ।

**भनेपछि तपाईलाई पुराना कुराले खुब तर्साउने रहेछ है ?**

होनी । अहिले त ति बेलाका न कोही छ, न के छ । बडो सम्झना र पछुतो लाग्ने रहेछ ।

## ‘नेपाली आधुनिक संगीतमा १०० वर्ष’ सांगीतिक कार्यक्रम सम्पन्न

**पोखरा/मस–** पोखरा, बराहिघाटमा ‘नेपाली आधुनिक संगीतमा १०० वर्ष’ सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । नेपाली आधुनिक संगीतको ईतिहासबारे जानकारीमुलक उक्त कार्यक्रम एक घण्टा ३० मिनेट रहेको थियो । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा भएको उक्त कार्यक्रममा अध्यक्षता प्रतिष्ठानका संगीत बिभाग प्रमुख तथा कार्यक्रमका संयोजक प्राज्ञ अशोककुमार राईले गरेका थिए भने कुलपति नारायण भक्त श्रेष्ठ ‘रायन’ प्रमुख अतिथि, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का ‘बेखर्ची वशेष अतिथि रहेका थिए ।

स्थानीय व्यावस्थापक गण्डकी प्रज्ञा प्रतिष्ठानकका सदस्य सचिव मनकुमार श्रेष्ठले सञ्चालन गरेको सो ऐतिहासिक कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञाप्रतिष्ठानका सदस्य सचिव श्याम तमोट, प्राज्ञ हरिदेवि कोइराला, प्राज्ञ प्रजापति पराजुली, प्राज्ञ सरला पण्डे, प्राज्ञ कृष्णप्रसाद पौडेल, प्राज्ञ डिलकुमारी पौडेल, प्राज्ञ जयकुमार परियार, प्राज्ञ गज बहादुर गुरुङ, सचिव हेमराज सुवेदी, शिक्षा संस्कृति सामाजिक विकास, डा.सोम सापकोटा प्रमुख जिपान्ट, अशोक पालिखे अध्यक्ष नेवा खल साथै गण्डकी प्रज्ञा प्रतिष्ठानका उप कुलपति गोरे गुरुङ, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, सहित्यकार छवि सुवेदी र कार्यक्रमका आलेख लेखक बुलु मुकारुङ लगायत विभिन्न संघ तथा वाङ्मय सस्थाहरुका अध्यक्षहरुको उपस्थिति रहेको थियो । करिब ५०० का हाराहारीमा उपस्थित दर्शनहरुका माझ पदर्शित सांगीतिक मनोरञ्जनका साथै ऐतिहासिक, जानकारी मुलक, संगीतिक दस्तावेजयोग्य कार्यक्रम भएको दर्शक, श्रोताहरुको भनाइ थियो ।

२९ वटा प्रस्तुति रहेको उक्त कार्यक्रममा तरेलि सांस्कृतिक परिवारका नृत्य कलाकारले नेपाली चलचित्रको सांगीतिक इतिहासलाई सम्बोधन गर्दै चलचित्र माइतीघरबाट ‘वसन्त नै बस्न खोज्छ’ र चलचित्र प्रेमपिण्डबाट ‘गैरि खेतीको शिरै हान्यौं’ बोलको गीतमा नृत्य प्रस्तुति गरेका थिए । नृत्यको संयोजन गण्डकी प्रज्ञा प्रतिष्ठानबाट भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि नारायण भक्त श्रेष्ठले स्थानीय व्यावस्थापनका लागि गण्डकी प्रज्ञा प्रतिष्ठानलाई तथा सहभागि सम्पूर्ण कलाकारहरुलाई हार्दिक धन्यवाद दिए । यस्तो कार्यक्रम सातै प्रदेशमा प्रदर्शन गरिने पनि उनले जानकारी गराए । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग यसरी ऐतिहासिक कार्यक्रममा हातेमालो गर्न पाएकोमा गौरवान्वित महसुस भएको र आगामी दिनमा पनि दुई संस्था बिच सहकार्य हुने गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले बताए ।

## लामो समयपछि करिश्मा र धिरेनको सहकार्य

**काठमाडौं/मस–** अभिनेत्री करिष्मा मानन्धर र अभिनेता धिरेन शाक्यले लामो समयपछि एकसाथ स्क्रिन सेयर गरेका छन ।

’भोलि भन्ने नआउला कतै’ बोलको गीत मार्फत उनीहरुले पुनः सहकार्य गरेका हुन् ।

राजेश हमालका कट्टु आलोचक मानिने धिरेन र करिष्माले आधा दर्जन फिल्ममा सहकार्य गरेका छन् ।

धिरेनको डेब्यू फिल्म पहिलो प्रेममा उनको हिरोइन करिष्मा थिइन् । यता करिष्मा भने राजेश हमालको प्रशंसक हुन् । दुवैले



राजकुमार, रणभूमि, देशपरदेश आदि फिल्ममा काम गरेका छन् ।

तोप्देन भुटिया र रानी शाक्यको आवाज रहेको गीतमा करिष्मा र धिरेन रोमान्टिक बनेका छन् । पुरन गिरीको शब्द, दिवश गुरूङको संगीत, ड्यानिएल गडालको एरेन्ज रहेको गीतलाई गायिका रानी शाख्यकै अफिसियल युटुव च्यानलमा हेर्न सकिन्छ ।

गीतको भिडियोलाई सोनाम पाखिनले निर्देशन गरेका हुन् भने अर्जुन तिवारी (एम बि ए फिल्म्स)ले खिचेका हुन् ।

भिडियोलाई सुरेन्द्र बसेलले कोरोयोग्रफी गरेका हुन्। भिडियोमा जयराम बर्मा र स्विटी तामाङको पनि अभिनय रहेको छ ।


**Invitation for Bids**

**Pachrauta Municipality**
**Office of The Municipal Executive**
**Benauli, Bara**
**Madhesh Pradesh, Nepal**
**Invitation for Bids No.: NCB/PMUN/07/2079/080**
**Date of publication: 25-12-2022 00:00**

1. Pachrauta Municipality, Bara invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Construction Of Community Building ward no.4 baldari under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 3018972.45 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Pachrauta Municipality, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov. np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

***Information to deposit the cost of bidding document in Bank:***

**Name of the Bank: NMB Bank Ltd.**
**Name of Office: Pachrauta Municipality, Bara**
**Office Code no:**
**Office Account no: GA.1.1-1140083164100010**
**Rajaswa (revenue) Shirshak no.:**

4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office Pachrauta Municipality, Bara,Madhesh Pradesh, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 24-01-2023 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 24-01-2023 14:00 at the office of Pachrauta Municipality, Bara, Madhesh Pradesh, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 90550.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



**Invitation for Bids**

**Pachrauta Municipality**
**Office of The Municipal Executive**
**Benauli, Bara**
**Madhesh Pradesh, Nepal**
**Invitation for Bids No.: NCB/PMUN/04/2079/080**
**Date of publication: 25-12-2022 01:00**

1. Pachrauta Municipality, Bara invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Construction of School Building Of kudwa-9 under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 6026133.17 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Pachrauta Municipality, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov. np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank: NMB Bank Ltd.**
**Name of Office: Pachrauta Municipality, Bara**
**Office Code no:**
**Office Account no: GA.1.1-1140083164100010**
**Rajaswa (revenue) Shirshak no.:**

4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office Pachrauta Municipality, Bara, Madhesh Pradesh, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 24-01-2023 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 24-01-2023 14:00 at the office of Pachrauta Municipality, Bara, Madhesh Pradesh, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 181000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

## नेपाल टी–२० लिग

# काठमाडौं र लुम्बिनीको विजयी शुरुवात

**काठमाडौं/मस–** पहिलो संस्करणको फ्रेन्चाइज क्रिकेट प्रतियोगिता नेपाल टी-२० लिगमा काठमाडौं नाइट्सले विजयी शुरुवात गरेको छ । शनिबार त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा काठमाडौंले पोखरा एभेन्जर्स २६ रनले पराजित गरेको हो ।

काठमाडौंले दिएको १६३ रनको लक्ष्य पछ्याएको पोखराले निर्धारित १९ ओभरमा ७ विकेट गुमाएर रन मात्रै बनाउन सक्यो । पोखराको लागि उपल थरङ्गाले सर्वाधिक ४४ रनको योगदान दिए । यस्तै अमिर हमाज र अभिमन्यु मिथुनले समान १८/१८ रन बनाए । काठमाडौंका लागि अविनास बोहोराले ३ तथा बसिर अहमदले २ विकेट लिए ।



त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको काठमाडौंले निर्धारित १९ ओभरमा ५ विकेट गुमाएर १६२ रन बनाएको थियो । काठमाडौंको लागि अजमातुल्लाह उमरजाईले ८५ रनको अविजित पारी खेले । उनले ४२ बलमा ३ चौका र ७ छक्का प्रहार गरेका थिए । यस्तै सुनाम गौतम २८ बलमा २७ रन, एलेक्स ब्लेक्सले २१ रन, वीरनदीप सिंहले १० रन बनाए भने कप्तान ज्ञानेन्द्र मल्ल शुन्य रनमा पवेलियन फर्किए । यता पोखराको लागि प्रतिस जिसी र जाहिर खान समान २/२ विकेट लिए । यस्तै मौसम ढकालले १ विकेट हात पारे ।

त्यस्तै शनिबार नै कीर्तिपुर मैदानमै भएको दोस्रो खेलमा लुम्बिनी अल स्टार्सले फर वेस्ट युनाइटेडलाई ६७ रनले पराजित गरेको छ । लुम्बिनीको जितमा लाहिरु मिलान्थाले सर्वाधिक ६० रनको योगदान गरे । उनले ८ चौका र १ छक्का प्रहार गरे । त्यस्तै दीपेन्द्र सिंह ऐरीले ३५, गुलशान झा, २५ र विपुल शर्माले १२ रन बनाए । अन्य खेलाडीले भने दोहोर रन जोड्न सकेनन् । फार वेस्टर्नका लागि उमर अलि र करण केसीले समान ३/३ विकेट लिए । त्यस्तै बलिङतर्फ लुम्बिनीका दीपेन्द्र सिंह ऐरीले ३ विकेट लिए । उनले २.२ ओभरमा ६ रन मात्र खर्चिएर ३ विकेट लिन सफल भए । त्यस्तै सागर ढकाल २, पेट ब्रोन, किशोर महतो, गुलशान झा र विपुल शर्माले समान १/१ विकेट लिए ।

यता फर वेस्ट युनाइटेडले भने १६.२ ओभरमा मात्र ८५ रन बनाउन सक्यो । फार वेस्टर्नको तर्फबाट हसमतउल्लाह साहिदीले ३५ रन र विनोद भण्डारीले १३ रन बनाउनु बाहेक अन्य खेलाडीहरुले दोहोरो रन जोड्न सकेनन् । पहिलो संस्करणको प्रतियोगितामा ६ टोलीको सहभागिता छ । प्रतियोगिताको विजेताले ५५ लाख तथा उपविजेताले ३० लाख पाउनेछ । तेस्रो हुनले १० लाख र चौथोले ५ लाख पाउनेछन् ।

# आईपीएल मिनि अक्सनमा को–को बिके ?

**काठमाडौं/एजेन्सी–** आईपीएल २०२३ को मिनी अक्सन विदेशी क्रिकेटरहरूका लागि भने मेगा अक्सन नै बन्यो । आईपीएलका फ्रेन्चाइजी मालिकहरूले विदेशी क्रिकेटरलाई पैसा खर्च गर्नका लागि कुनै कसर बाँकी राखेनन् । बोली यति ठूलो थियो कि आईपीएल इतिहासका सबै कीर्तिमानहरू नै तोडिए । इंग्ल्याण्डका अलराउन्डर साम कुरान १८.५ करोड र अस्ट्रेलियाका अलराउन्डर क्यामरुन ग्रीन १७.५० करोडको साथ आईपीएल इतिहासमा सबैभन्दा महँगो पहिलो दुई क्रिकेटर बनेका छन् । कुरानलाई पञ्जाब किंग्सले र ग्रीनलाई मुम्बई इन्डियन्सले किनेको छ ।



शुक्रबार दिउँसो पौने ३ बजेदेखि सुरु भएको मिनी अक्सन करिब राति १० बजे सकिएको थियो । अर्थात् अक्सन करिब छ घण्टासम्म चलेको थियो । अक्सनमा जम्मा ४ सय ५ खेलाडी गएका थिए, जसमध्ये ८० खेलाडीले मात्र मौका पाएका छन् । तीमध्ये २९ खेलाडी विदेशी थिए । १० टोलीसहित कुल २०६.५ खेलाडी खरिद गर्नुपर्ने थियो । जसमध्ये १६७ करोड मात्रै खर्च भएको छ । जसमध्ये १०३.९५ करोड अर्थात ६२.२५ प्रतिशत रकम अलराउन्डरको खातामा गएको छ ।

जो रुट, लिटन दास, जोसुआ लिटल, रिस टोपले, फिल साल्ट, विल ज्याक्स, सिकन्दर रजा पहिलो पटक आईपीएल खेल्दैछन् । योसँगै केन विलियम्सनले नयाँ टिम पाएका छन् । गत सिजन सनराइजर्स हैदराबादबाट खेलेका विलियम्सनलाई यो वर्ष डिफेन्डिङ च्याम्पियन गुजरात टाइटन्सले किनेको थियो ।

इंग्लिस टेस्ट कप्तान बेन स्टोक्सको यसअघिको १२.५ करोड भारुको कीर्तिमान पनि तोडिएको थियो । उनलाई चेन्नई सुपर किंग्सले १६.२५ करोडमा किनेको थियो । उनी आईपीएलको अक्सन इतिहासमा संयुक्त रूपमा तेस्रो महँगो क्रिकेटर बनेका छन् । गत सिजन खराब प्रदर्शन गर्ने वेस्ट इन्डिजका निकोलस पूरनलाई लखनउले १६ करोडमा किनेर चकित पारेको छ ।

योसँगै पुरानले अक्सन इतिहासमा अर्को कीर्तिमान बनाएका छन् । विकेटकिपरका रूपमा उनी अहिलेसम्मकै सबैभन्दा महँगा खेलाडी बने । यसअघि सबैभन्दा धेरै कमाउने विकेटकिपर मुम्बईका इशान किशन (१५.२५ करोड) थिए । पुराण यति धेरै अक्सन हुनेछ भनेर कसैले सोचेका थिएनन् । पूरन आईपीएलमा मात्रै होइन टी-२० विश्वकपमा पनि खराब लयमा थिए ।

सबैभन्दा महँगा शीर्ष ५ क्रिकेटर विदेशी रहेका छन्, जसलाई ८१.५ करोडमा खरिद गरिएको छ । कुरानबाहेक यसमा क्यामरन ग्रीन (१७.५० करोड), बेन स्टोक्स (१६.२५ करोड), निकोलस पूरन (१६ करोड) र ह्यारी ब्रुक (१३.२५ करोड) छन् ।

मयंक अग्रवाल भारतीय क्रिकेटरमध्ये सबैभन्दा महँगा क्रिकेटर बनेका थिए । उनलाई हैदरावादले ८.२५ करोडमा किनेको थियो । हरेक बोली झैँ यसपटक पनि टोली मालिकले अपरिचित अनुहारमा सोचेभन्दा बढी पैसा खर्चिएका छन् ।

बंगालका फास्ट बलर मुकेश कुमारलाई दिल्लीले ५.५ करोडमा, जम्मु कश्मीरका अलराउन्डर विभ्रान्त शर्मालाई २.६० करोडमा र हिमाचल प्रदेशका स्पिनर मयंक डागरलाई १.८ करोडमा किनेका थिए ।

हरिद्वारमा जन्मेका उत्तराखण्डका राजन कुमारलाई रोयल च्यालेन्जर्स बैंगलोरले ७० लाखमा किनेको थियो । गत सिजन कोलकाता नाइट राइडर्सबाट खेलेका शिवम मावी अनक्याप भारतीय क्रिकेटरमध्ये सबैभन्दा महँगो थिए । उनलाई गुजरातले ६ करोडमा किनेको थियो ।

साम कुरानका लागि मुम्बई इन्डियन्स र पञ्जाबले कडा प्रतिस्पर्धा गरे । दुबै टोली टी-२० विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेका खेलाडी त्याग्न तयार थिएनन्, तर मुम्बईसँग धेरै पैसा बाँकी नहुँदा चुप बस्नु परेको थियो । तर, मुम्बईले अर्को बोलीमा ग्रीनको रूपमा कुरानको अनुपस्थितिलाई पूरा गरेको थियो ।

एसियाली भूमिमा उत्कृष्ट प्रदर्शन गर्ने इङ्लिस ब्याट्सम्यान ह्यारी ब्रुकलाई सनराइजर्स हैदरावादले १३.२५ करोड भारुमा किनेको छ । यसपछि टोलीले दक्षिण अफ्रिकाका विकेटकिपर ब्याट्सम्यान हेनरिक क्लासेनमा ५.२५ करोड रुपैयाँ खर्च गरेको थियो । योसँगै राजस्थानले वेस्ट इन्डिजका अलराउन्डर जेसन होल्डरलाई ५.७५ करोडमा किनेको छ । आरसीबीले इंग्ल्यान्डका बायाँ हाते फास्ट बलर रीस टोपलीलाई ७५ लाखको आधार मूल्य १.९ करोडमा किनेको छ ।

आयरल्यान्डका लागि टी-२० मा सयभन्दा बढी विकेट लिने तीब्र गतिका बलर जोश लिटिललाई गुजरातले ४.४० करोडमा आफ्नो टोलीमा समावेश गरेको थियो । लिटिलले टी-२० विश्वकपमा न्युजिल्याण्डविरुद्ध ह्याट्रिक समेत गरेका छन् । उनी आइपिएल खेल्ने आयरल्याण्डका पहिलो खेलाडी बन्नेछन् । उही समयमा हैदरावादले इंग्ल्याण्डका लेग स्पिनर आदिल राशिदलाई उनको आधार मूल्य दुई करोडमा किनेको थियो ।

आरसीबीले इंग्ल्याण्डका अलराउन्डर विल ज्याकलाई ३.२ करोड भारुमा लिएको छ । भारतविरुद्ध टी-२० मा शतक प्रहार गरेका दक्षिण अफ्रिकी ब्याट्सम्यान रिले रुसोलाई दिल्ली क्यापिटल्सले ४ करोड ६० लाखमा किनेको छ ।

इशान्त शर्मा, अजिंक्य रहाणे, जयदेव उनाडकट जस्ता अनुभवी क्रिकेटर आईपीएल बिडिङमा स्थान पाउन सफल भएका छन् । तीनैलाई दिल्ली, चेन्नई र लखनउले क्रमशः ५० लाखको आधार मूल्यमा किनेका थिए । भारतीय क्रिकेटर पियुष चावला र अमित मिश्रालाई मुम्बई र लखनउले ५०-५० लाखमा आफ्नो टोलीमा सामेल गरेका थिए । पछिल्लो पटक गुजरातले हैदराबादका कप्तान केन विलियम्सनलाई २ करोडमा १४ करोडमा किनेको थियो । हिमाचल प्रदेशका वैभव अरोरालाई केकेआरले ६० लाखमा आफ्नो टोलीमा समावेश गरेको थियो ।

इङ्ल्यान्डका जो रुट, दक्षिण अफ्रिकाका रिली रुसो, बंगलादेशका शकिब अल हसन पहिलो चरणमा परेका थिए । यद्यपि, सबैले द्रुत अक्सनको समयमा खरीददारहरू फेला पारे । रुटको आधार मूल्य १ करोड भारु थियो र उनलाई राजस्थान रोयल्सले सोही रकममा किनेको थियो ।

रुसोको आधार मूल्य २ करोड भारु थियो र उनलाई दिल्ली क्यापिटल्सले ४.६० करोडमा किनेको थियो । रुट पहिलो पटक आईपीएल खेल्दैछन् । रुसो सन् २०१४ र २०१५ मा रोयल च्यालेन्जर्स बैंगलोरको टोलीमा थिए । बंगलादेशका अलराउन्डर शकिब अल हसन र विकेटकिपर ब्याट्सम्यान लिटन दासलाई कोलकाता नाइट राइडर्सले किनेको छ । साकिब १.५० करोडमा र लिटन ५० लाखमा खरिद भए ।

अष्ट्रेलियाका एडम जाम्पालाई राजस्थान रोयल्सले १.५० करोडमा किनेको थियो । वेस्ट इन्डिजका अकिल हुसेनलाई सनराइजर्स हैदरावादले आधार मूल्य १ करोडमा किनेको थियो । पूर्व भारतीय फास्ट बलर मोहित शर्मालाई गुजरात टाइटन्सले आधार मूल्य ५० लाखमा किनेको थियो ।

दक्षिण अफ्रिकाका तबरेज शम्सी, अफगानिस्तानका मुजिब-उर रहमान, इङ्ल्यान्डका क्रिस जोर्डन र न्युजिल्यान्डका एडम मिल्ने बिक्रीमा परे । यसबाहेक श्रीलंकाका कुसल मेन्डिस, कप्तान दासुन शनाका र इङ्ल्यान्डका टम ब्यान्टन पनि बिक्रीमा परेका छैनन् ।

# नेपालको लगातार तेस्रो हार

**काठमाडौं/मस–** बगबंन्धु एसियन यु-२३ सेन्ट्रल एसियन जोन अन्तराष्ट्रिय पुरुष भलिबल च्याम्पियनसिपमा नेपालले लगातार तेस्रो हार व्यहोरेको छ । ढाकामा शनिबार किर्गिस्तानसँग पराजित हुँदै नेपालले लगातार तेस्रो हार व्यहोरेको हो ।




पाँच सेटमा पुगेको प्रतिस्पर्धात्मक खेलमा नेपालले ३-२ को सेटमा हार व्यहोरेको हो । पहिलो सेट किर्गिस्तानले २५-१६ ले जितेको थियो । दोस्रो सेटमा नेपालले २५-२३ को जित निकाल्यो ।

तेस्रो सेटमा किर्गिस्तानले २५-१७ ले जित्दा चौँथो सेट नेपालले २५-१९ ले जितेको थियो । तर अन्तिम तथा पाँचौं सेट किर्गिस्तानले १५-६ ले जित्दै खेल आफ्नो पक्षमा पारेको हो ।

नेपालले यस अघि दुई खेलमा हार व्यहोरेको थियो । पहिलो खेलमा नेपाल आयोजक बंगलादेश र दोस्रो खेलमा श्रीलंकासँग सोझो सेटमा पराजित भएको हो ।

च्याम्पियनसिपमा आयोजक बंगलादेशसहित नेपाल, किर्गिस्तान र श्रीलंकाको सहभागीता रहेको छ । नेपालले च्याम्पियनसिपको सेमिफाइनल खेल भोलि आइतबार खेल्नेछ ।

प्रतियोगितामा चार टोलीको सहभागिता भएको हुनाले चारै टोलीले सेमिफाइनलमा स्थान बनाएका हुन् ।

# कन्यादेवी युवा क्लबद्वारा हाइ जम्प खेलाडी श्रेष्ठ सम्मानित

**काठमाडौं/मस–** कन्या देवी युवा क्लबले हाइ जम्प खेलाडी सीमा श्रेष्ठलाई सम्मान गरेको छ । शनिबार लमजुङको बेसिसहर-११ मा आयोजना भएको एक कार्यक्रमका बीच श्रेष्ठलाई सम्मान गरिएको हो । श्रेष्ठले यु-१७ अन्तर्गत बंगालादेशमा भएको हाइ जम्पतर्फ काश्य पदक जितेकी हुन् । मित्र राष्ट्र बंगालादेशको राजधानी ढाकामा मंगलबारबाट शुरु भएको 'पाँचौ आमन्त्रण बिकेएसपी कप एथलिट्स च्याम्पियनसिप २०२२' मा यू-१७ अन्तर्गत सीमाले काश्य पदक जित्न सफल भएकी हुन् ।



नेपाली टोलीका अफिसियल सिद्धान्त अधिकारीले जनाए अनुसार सीमाले १ मिटर ३५ सेन्टिमिटर जम्प गर्दै नेपालका लागि पदक जिताउन सफल भएकी हुन् । उनको यो पहिलो अन्तर्राष्ट्रिय पदक समेत हो ।

कन्या देवी क्लबका अध्यक्ष पारस कुमार श्रेष्ठले युवालाई प्रोत्साहन गर्ने उद्देश्यले सम्मान कार्यक्रमको आयोजना गरिएको जानकारी दिएका छन् । उनले भने, 'एउटा क्षेत्रमा अघि बढेका युवालाई प्रोत्साहन गर्नु नै हाम्रो क्लबको उद्देश्य हो । हाम्री चेलीले पाएको सफलतामा खुसी साट्न कार्यक्रमको आयोजना गरिएको हो ।'


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/१०**

**ब्राईट फिल्ड एजुकेशन ऐकेडेमी काठमाडौं प्रा.लि. (Bright Field Education Academy Kathmandu Pvt. Ltd.)** को मिति २०७९/०२/०१ गते मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ब्राईट फिल्ड एजुकेशन ऐकेडेमी प्रा.लि. (Bright Field Education Academy Pvt. Ltd.)** **(प्रा. लि. नं.: ३४३३६)**, कायम गर्ने गरी मिति २०७९/०९/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सरोकारवालाहरुमा जारी गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/१०**

सूचना तथा प्रशारण विभागमा **मध्यस्थता मिडिया प्रा.लि.** अन्तर्गत दर्ता **(दर्ता नं : १४१६१/२०७६/०७७)** भई सञ्चालित **www.lokkhabar.com** अनलाइन न्यूज पोर्टल मिति २०७९/०९/२५ गतेदेखि **लोक खबर प्रा.लि.** का नामबाट सञ्चालनमा ल्याउने गरी दुवै कम्पनीका सञ्चालकबीच सम्झौता भएकाले मध्यस्थता मिडिया प्रा.लि.अन्तर्गत **www.lokkhabar.com** अनलाइन न्यूजपोर्टल सञ्चालनमा रहँदा यस अनलाइनसंग कुनै कारोबार वा हिसाब किताब बाँकी रहेको भए यो सूचना प्रकाशित भएको १५ दिनभित्र सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

**लोक खबर प्रा.लि.**
**हेटौंडा, मकवानपुर, फोन : ०५७-५२३८००**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०९/१०**

**कस्प टुर्स एण्ड ट्राभल्स प्रा.लि.** को मिति २०७९/०६/०९ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **किङ्गस ट्राभल सोलुसन्स प्रा.लि. (प्रा.लि.नं.: २५१४९५)** कायम गर्ने गरी मिति २०७९/०९/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/१०**

**एम.के. करियर कन्सल्टेन्सी प्रा.लि.** को मिति २०७८/०६/१८ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बशिष्ट कोचिङग एण्ड ट्रेनिङ सेन्टर प्रा.लि. (प्रा.लि.नं.: १४९०२५)** साथै साविक ठेगाना परिवर्तन गरी धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा.–९ कायम गर्ने गरी मिति २०७८/०७/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## चौकुने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**गुटु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## करारमा कर्मचारी लिने सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०७९/०९/१०**

यस चौकुने गाउँपालिकाको गुटु सुर्खेतमा रिक्त रहेको जलवायु परिवर्तन कार्यक्रम तर्फ र स्वास्थ्य चौकीमा तपशिलमा उल्लेखित पद पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिए बमोजिम राजश्व तिरेको रसिद सहित यस चौकुने गाउँपालिकाको कार्यालय गुटु, सुर्खेतमा दरखास्त पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| विज्ञापन नं. | पद | तह श्रेणी | माग संख्या | आवश्यक न्यूनतम योग्यता | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १८-०७९/०८० | सब इन्जीनियर | सहायक पाचौं | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट ३ वर्षे डिप्लोमा तह पास गरेको | रु.७०० | |
| १९-०७९/०८० | कृषि प्राविधिक | सहायक पाचौं | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि विज्ञानमा IS.c.Ag पास गरेको | रु.७०० | |
| २०-०७९/०८० | अ.हे.व | सहायक चौथो | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट १५ महिने कोर्स वा CMA कोर्स पास गरेको | रु.७०० | |

**दरखास्त दिने स्थानः** चौकुने गाउँकार्यपालिकाको कार्यालय, गुटु, सुर्खेत । दरखास्त फाराम गाउँपालिकाको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

**दरखास्त दिने अन्तिम मिति** : सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र । अन्तिम दिन सार्वजकि बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र ।

**परिक्षा किसिम** : लिखित, मौखिक

**उमेरको हद** : पुरुषको हकमा १८ वर्ष पुगि ३५ वर्ष ननाघेको, महिलाको हकमा १८ कर्ष पुगि ४० वर्ष ननाघेको

**सेवा** : करार सेवा

**काम गर्ने स्थान** : कार्यालयले तोके बमोजिम

**सेवा सुविधा** : करार सम्झौता बमोजिम

**परिक्षा समय** : पछि जानकारी गराइनेछ

वेबसाइट : ***www.chaukune.gov.np*** मा समेत हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१० पुस २०७९, आइतबार
25 December 2022, Sunday

## राष्ट्रिय वाणिज्य बैंकद्वारा पाँचवटा नयाँ शाखा विस्तार



**काठमाडौं/मस** - राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको एकै पटक पाँछ वटा शाखा कार्यालयको विस्तार भएको छ । १ नम्बर प्रदेश स्थित शाखा कार्यालय ताप्लेजुङ शाखा कार्यालय तेह्रथुम, शाखा कार्यालय धुलावारी, मधेस प्रदेश स्थित शाखा कार्यालय मलगंवा र बागमती प्रदेश स्थित शाखा कार्यलय रसुवा को शनिवार उद्घाटन गरिएको छ। यसपछी बैंकको देशभर २६४ वटा शाखा कार्यालय सञ्चालनमा आएको छ ।

शाखा कार्यालय ताप्लेजुङ को बैंक सञ्चालक दिलिप कुमार ढुंगाना, शाखा कार्यालय तेह्रथुम को म्याग्लुङ नगरका प्रमुख संजयकुमार तुम्बाहाम्फे, शाखा कार्यालय धुलावारी को झापा १ ख का प्रदेश सांसद माननीय गोपाल तामाङ शाखा कार्यालय मलगंवा को सर्लाही २ ख का प्रदेश सांसद कौशल किशोर दास र शाखा कार्यलय रसुवा को रसुवा ख का प्रदेश सांसद इन्द्रप्रसाद गोतामेले शनिवार अगल अलग कार्यक्रमका बीच उद्घाटन गरेका हुन् ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय वाणिज्य बैंकले देशको दूरदराज तथा शहरी क्षेत्रमा शाखा सञ्चालन गरी प्राथमिकताका साथ आम नागरिकमा बैंकिङ सेवा प्रवाह गरिरहेको बताए। शाखा कार्यालयको उद्घाटनमा बैंकतर्फबाट बैंक सञ्चालक प्रा.डा.राजनबहादुर पौडेल र प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ शाखा कार्यलय धुवलावारीमा, बैंक सञ्चालक लक्ष्मण घिमिरे र नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल शाखा कार्यालय रसुवामा, नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी शाखा कार्यालय मलगंवामा, उपकार्यकारी अधिकृत पवन रेग्मी शाखा कार्यालय ताप्लेजुङमा र उपकार्यकारी अधिकृत विनयरमण पौडेल शाखा कार्यालय तेह्रथुममा सहभागी भएका थिए। शाखा कार्यालयहरुको उद्घाटन समारोहमा जनप्रतिनीधि, राजनितिक दलका प्रतिनिधि, सेना, प्रहरी, उद्योगी, व्यवसायी, कर्मचारीहरु लगायतको भव्य उपस्थिति रहेको थियो ।

# काठमाडौंमा अन्तर्राष्ट्रिय जुत्ताचप्पल औद्योगिक प्रदर्शनी हुने

## उत्पादन र प्रविधिको प्रदर्शन

**काठमाडौं/मस** - काठमाडौंमा पहिलोपटक 'अन्तर्राष्ट्रिय जुत्ताचप्पल औद्योगिक प्रदर्शनी' हुने भएको छ। जुत्ता उत्पादक संघ नेपालको आयोजनामा यही पुस २१ देखि २३ गतेसम्म उक्त प्रदर्शनी हुन लागेको हो ।

स्वदेशी र विदेशी उद्योगी तथा व्यवसायीबीच परस्पर व्यवसाय प्रवर्द्धन गर्ने उदेश्यले नेपालमा पहिलोपटक ' गोल्डस्टार १६औं अन्तर्राष्ट्रिय जुत्ताचप्पल औद्योगिक प्रदर्शनी-२०७९' हुन लागेको हो। स्वदेशी उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्ने मुख्य उदेश्यले प्रदर्शनी गर्न लागिएको संघका अध्यक्ष नानीराज घिमिरेले जानकारी दिए। उनका अनुसार गोल्डस्टार कम्पनीले मेलाको टाइटल स्पोन्सर गरेको छ। नेपालमा उत्पादन भएका जुत्ताचप्पललाई विश्व बजारमा पुऱ्याउन प्रदर्शनीबाट सहयोग पुग्ने उनको भनाइ छ।

अन्तर्राष्ट्रियस्तरको जुत्ताचप्पल मेलाले विदेशमासमेत नेपाली उत्पादन निर्यात गर्न सहज हुने अध्यक्ष घिमिरेले बताएका छन्। स्वदेशमा उत्पादित जुत्ताचप्पललाई अन्तर्राष्ट्रिय बजारसम्म पुर्याउन आवश्यक रहेको उल्लेख गर्दै उनले मेलाको ९० प्रतिशत काम सम्पन्न भइसकेको बताए ।

अध्यक्ष घिमिरेका अनुसार मेला संघले विगतदेखि आयोजना गर्दै आएका मेला भन्दा यसपटक आयोजना गरिन लागेको मेलाको उद्देश्य नितान्त भिन्न रहेको छ।



'विगतका मेलामा हामीले उपभाक्तालाई केन्द्रमा राखेर आयोजना गर्ने गर्दथ्यौं, यसपटकको मेलामा व्यवसायी, डिलर र होलसेलर टार्गेट गरिएको छ', उनले भने, 'यसपटकको मेलामा अन्तर्राष्ट्रिय स्तरको मेशिनरी प्रविधि र उत्पादकको पनि सहभागिता हुने छ।'

अन्तर्राष्ट्रिय मेलामा यसपटक जुत्ता बिक्री नगरिने अध्यक्ष घिमिरेको भनाइ छ। उनका अनुसार मेलामा सहभागी भएका कम्पनीहरुले आफ्नो उत्पादनलाई प्रदर्शन मात्रै गर्नेछन्। मेलामा १ सय ३५ वटा सम्म स्टल रहने र अहिलेसम्म १ सय २५ वटा स्टल बुकिङ भएको उनले मध्यान्हलाई बताए। उनका अनुसार प्रदर्शनीको लागि नेपाल सरकार अन्तर्गतको व्यापार प्रवर्द्धन केन्द्रले १५ लाख सहयोग गरेको छ।

संघका उपाध्यक्ष एवं मेलाका संयोजक सुरज बञ्जाडेले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कच्चापदार्थ, मेशीनरी सप्लायर्स र क्रेता मेलामा सहभागी हुने बताए। 'मेलाबाट जुत्ताचप्पलको व्यापार प्रवर्द्धनमा सहयोग पुग्नेछ', उनले भने। प्रदर्शनीमा नेपालभरका जुत्ताचप्पल व्यवसायसँग सम्बधित उद्योगीका लागि कक्ष बुकिङ खुला गरिएको छ। तीन दिनसम्म चल्ने उक्त मेलाको राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्ने कार्यक्रम तय भएको छ। थोक तथा खद्रा व्यवसायीलेसमेत प्रदर्शनीको अवलोकन गर्न सक्नेछन्। अवलोकनकर्ताहरुलाई १ सय रुपैयाँ शुल्क लिएर प्रवेश गर्ने व्यवस्था मिलाइएको संघका अध्यक्ष घिमिरेले बताएका छन्।

## हवाई भाडाको 'कार्टेलिङ' अध्ययन गर्न निर्देशन



**काठमाडौं/रासस** – संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आन्तरिक हवाई उडानमा हुँदै आएको 'कार्टेलिङ' अध्ययन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई निर्देशन दिएको छ। आन्तरिक उडान गर्दै आएका बुद्ध, यती, श्री र सौर्य एयरलाइन्सले आपसी मिलेमतोमा आफुखुसी हवाई भाडादर निर्धारण गरेपछि मन्त्रालयले अध्ययनका लागि प्राधिकरणलाई निर्देशन दिएको हो।

आन्तरिक उडान गर्ने कम्पनीले हवाई उडानमा कार्टेलिङ गरिरहेको सूचनाका आधारमा अध्ययन अगाडि बढाउन निर्देशन दिएको मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले बताए। उनले भने, 'कार्टेलिङको विषयमा उठेको कुरासम्बन्धी अध्ययन गर्न नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिएका छौँ, कार्टेलिङ भएको पुष्टि भएमा कारबाही हुनेछ।' खुला बजार र उद्धार अर्थतन्त्रमा मिलेमतोमा भाडा निर्धारण गर्न नमिल्ने भएकाले यस्तो क्रियाकलाप नियन्त्रण गर्नमा लाग्ने उनको भनाइ छ।

आन्तरिक हवाई कम्पनीले गर्दै आएको कार्टेलिङको राष्ट्रिय योजना आयोगले समेत अध्ययन गरिरहेको बताइएको छ। हवाई कम्पनीको कार्टेलिङको अध्ययन गर्न आयोगका सदस्य डा रामकुमार फुयाँलको नेतृत्वमा कमिटी बनेको छ। आयोगका तत्कालीन उपाध्यक्ष डा. विश्व पौडेलले सार्वजनिक यातायातको क्षेत्रमा भइरहेको सिन्डिकेट र कार्टेलिङको अध्ययन अघि बढाउँदै त्यसको जिम्मा फुयाँललाई दिएको बताइएको छ। मिलेमतोका आधारमा टिकट बिक्री गरेर कार्टेलिङको साम्राज्य खडा गरेको बताउँदै यो विषयलाई गम्भीर रुपमा लिएर अध्ययन अघि बढाइरहेको आयोगले जनाएको छ। नेपाल सरकारले तोकेको न्यूनतम र अधिकतम भाडादरलाई आधार बनाएर वायुसेवा कम्पनीहरुले कार्टेलिङ गरिरहेको आरोप लागेको छ। अहिले कुनै पनि सेक्टरमा उडान गर्ने सबै कम्पनीको हवाई भाडा एउटै कायम रहेको पाइएको छ।

# भन्सार घोषणा नभएका मोबाइल बन्द हुने

**काठमाडौं/मस** - नेपाल दूरसञ्चार प्राधिकरणले यही पुस १५ गतेभित्र मोबाइल दर्ता गर्न आह्वान गरेको छ। प्राधिकरणले आज एक सार्वजनिक सूचना प्रकाशित गरी यही पुस १५ देखि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) पूर्णरूपमा कार्यान्वयनमा ल्याउने जनाएको छ।

मोबाइल सेटको गैरकानुनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गरी थप व्यवस्थित गर्न, चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ र ब्लकिङ गर्न प्राधिकरणले यसअघि परीक्षणका रूपमा एमडिएमएस लागू गरिएको जनाएको छ।




विदेशबाट आउने नेपालीले निजी प्रयोगका लागि आफ्नो साथमा ल्याएका तर एमडिएमएस प्रणालीमा दर्ता नभएका वा गएको भदौ महिनाभन्दा अघि प्रयोगमा नरहेका मोबाइल सेटहरूको १५ डिजिट नम्बरसहितको भन्सार घोषणा गरी भन्सार ऐन, २०६४ अनुसार भन्सार कार्यालयबाट प्रज्ञापनपत्र लिइ प्रणालीमा अद्यावधिक गर्न प्राधिकरणले उक्त सूचनामार्फत् अनुरोधसमेत गरेको छ।

नियमानुसार भन्सारमा घोषणा नभएको मोबाइल फोन सेट यही पुस १५ गतेदेखि दर्ता नगरिने र यस्ता मोबाइल सेट सञ्चालनमा समेत रोक लगाइने हुँदा व्यक्तिगत प्रयोजनका लागि ल्याइएका मोबाइल सेट प्रज्ञापनपत्रसहित राहदानी/नागरिकता/राष्ट्रिय परिचयपत्रका आधारमा मात्र एमडिएमएसमा गई दर्ता गर्न प्राधिकरणले अनुरोध गरेको छ।

नेपालभित्रै मोबाइल खरिद गर्दा पनि खरिद मोबाइल सेट नेपाल दूरसञ्चार प्राधिकरणको एमडिएमएस प्रणालीमा दर्ता भए वा नभएको यकिन गर्न सकिने हुँदा त्यसअनुसार यकिन गरेर मात्र खरिद गर्न साथै मोबाइल आयातकर्ता र बिक्रेताले मोबाइल आयात गर्नुअघि अनिवार्यरूपमा प्राधिकरणको पूर्वस्वीकृति लिई प्राधिकरणमा दर्ता भएका मोबाइल मात्र बिक्री वितरण गर्न प्राधिकरणले उक्त सूचनामा उल्लेख गरेको छ।

## भारतमा विदेशी मुद्रा सञ्चितिमा पुनः गिरावट



**काठमाडौं/एजेन्सी–** भारतको विदेशी मुद्रा सञ्चिति गत हप्ता करिब ५७.१ करोड डलरले घटेको छ। जबकि पछिल्लो पाँच सातादेखि विदेशी मुद्रा सञ्चिति बढ्दै गएको थियो। शुक्रबार जारी आरबीआईको तथ्यांक अनुसार डिसेम्बर १६ मा समाप्त भएको सातामा विदेशी मुद्रा सञ्चिति ५६३ अर्ब ४९ करोड डलरमा झरेको छ।

अघिल्लो साता विदेशी मुद्रा सञ्चिति २ अर्ब ९१ करोड डलरले बढेर ५ खर्ब ६४ अर्ब ६ करोड डलर पुगेको थियो। अक्टोबर २०२१ मा भारतको मुद्रा सञ्चिति ६४५ अर्ब डलरको उच्चतम स्तरमा थियो। विदेशी मुद्रा सञ्चिति घट्नुको कारण आरबीआईले डलरको तुलनामा घट्दै गएको रुपैयाँ जोगाउन मुद्रा सञ्चिति प्रयोग गरेको थियो। डलरको तुलनामा रुपैयाँको भाउ निरन्तर ओरालो लागेको छ। समाचार एजेन्सी रोयटर्सका अनुसार अहिले डलरको भाउ ८२.७६ रुपैयाँ छ।

# अग्रवालको नेतृत्वमा फर्निचर तथा फर्निसिङ संघको कार्यसमिति चयन

**काठमाडौं/मस** – नेपाल फर्निचर तथा फर्निसिङ संघ काठमाण्डौंमा सर्वसम्मत रुपमा नयाँ नेतृत्व चयन भएको छ। शनिबार राजधानीमा सम्पन्न संघको २३ औं साधारण सभा तथा अधिवेशनले दिनेश अग्रवालको अध्यक्षतामा २ वर्षे कार्यकालका लागि १७ जना सर्वसम्मत चयन भएका हुन्।

संघको वरिष्ठ उपाध्यक्षमा मनीष अग्रवाल, प्रथम उपाध्यक्षमा अरुण कुमार चौधरी, द्वितीय उपाध्यक्षमा अर्जुन घिमिरे र महासचिवमा सञ्जय लामा निर्बिरोध भएका हुन्। त्यसै गरी कोषाध्यक्षमा रमिता कसजू श्रेष्ठ, सचिवमा केदारनाथ बस्ताकोटी र डमरु बल्लभ पराजुली निर्बिरोध भएका छन्। संघको सदस्यमा दिल बिक्रम श्रेष्ठ, भोला मान योञ्जन, ऋषि किशोर अग्रवाल, सम्यक मान सिंह, मुकेश अग्रवाल, गीता अच्छामी, रन्जू श्रेष्ठ, निकुञ्ज अग्रवाल र टेक बहादुर कार्की निर्विरोध भएका हुन्।

निवर्तमान अध्यक्ष शुभेन्द्र जोशी रहेको कार्यसमितिले थप ३ जना सदस्यहरु मनोनयन गरी २१ सदस्यीय कार्यसमितिलाई पूर्णता दिनेछ। संघको साधारण सभालाई सम्बोधन गर्दै काठमाण्डौं महानगरपालिकाकी उपमेयर




सुनिता डंगोलले घर बहालका सन्दर्भमा व्यापक गुनासोहरु आएकाले घरबेटी र बहालमा बस्नेलाई सहज हुने किसिमको कानूनी प्रावधान गर्न लागिएको जानकारी दिएकी थिइन्। कार्यक्रमका वक्ताहरुले उपमेयर डंगोललाई उपत्यकामा मालवस्तु ढुवानीमा गरिएको कडाईले फर्निचरका उत्पादन ओसारपोसारमा समस्या भएकोतर्फ ध्यानाकर्षण गराएका थिए। महानगरले अघि सारेका योजना राम्रा भए पनि व्यवसायीसँग छलफल नगर्दा व्यवस्थापकीय समस्या उत्पन्न भएको उनीहरुको भनाई थियो।

संघका निवर्तमान अध्यक्ष शुभेन्द्र जोशीले फर्निचर व्यवसायीलाई काठ कटानीको टेण्डरमा सहभागी हुनबाट बञ्चित गराइएकोतर्फ ध्यानाकर्षण गराए। टेण्डरमा सहभागी हुनबाट बञ्चित गराइँदा कच्चा पदार्थको अभावमा फर्निचर उद्योगहरु समस्यामा पर्ने र अर्कोतर्फ वनजंगलमा काठ खेर जाने अवस्था बनेको बताए। संघका नवनिर्वाचित अध्यक्ष दिनेश अग्रवालले उच्च विन्दुमा पुगेको बैंक व्याजदरका कारण फर्निचर व्यवसायीहरु बिस्थापित हुने अवस्थामा पुगेको बताए। विद्यमान कानुनहरु समयसापेक्ष रुपमा संशोधन नहुँदा फर्निचर व्यवसाय अघि बढाउन असहज हुनुका साथै वन पैदावारको उचित सदुपयोग हुन नसकेको उनको भनाई थियो।

वैज्ञानिकीकरण बजारीकीकरण, आधुनिकीकरण हुन नसक्दा वन पैदावरको सरल उपयोग हुन नसकेको साधारण सभाका अन्य वक्ताहरुले राखेका थिए। अनौपचारिक रुपमा फर्निचर व्यवसाय गरिरहेकाहरुलाई दर्ता भएर कुानी रुपमा व्यवसाय सञ्चालन गर्न पनि उनीहरुले आग्रह गरेका थिए। कार्यक्रममा संघका पुर्वअध्यक्ष राजेश अग्रवाल सहित संघलाई स्थापित गर्न योगदान पुर्याउनेहरुलाई सम्मान गरिएको थियो। संघमा २०० आजीवन र ४०० साधारण सदस्य गरी ६०० फर्निचर व्यवसायी आवद्ध छन्।

देशभर १२ हजारको संख्यामा फर्निचर व्यवसायी छन्। यो व्यवसायले २ लाखभन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिइरहेको छ। फर्निचर व्यवसायमा करिब ३० अर्ब रुपैयाँको लगानी छ भने वार्षिक कारोबार ४० अर्ब रुपैयाँभन्दा माथि छ। जसमा कुल कारोबारको ६० प्रतिशत वस्तु विदेशबाट आयात हुँदै आएको अनौपचारिक तथ्यांक छ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**